


एउटै पढे पुग्छ

# समाधान

samadhannews.com




समाजवादीको चुनावी सभा

# ‘दलित, जनजाति प्रधानमन्त्री बनेको हेर्ने सपना छ’

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

समाजवादी पार्टीले उम्मेदवार धर्मराज गुरुङका पक्षमा जनमत सिर्जना गर्न ऱ्याली तथा चुनावी सभा गरेको छ । कास्की क्षेत्र नम्बर २ को उपनिर्वाचनको मुखमा आइतबार भएको चुनावी सभामा समाजवादीका शीर्ष नेता सहभागी भएका छन् ।

सभालाई सम्बोधन गर्दै समाजवादी पार्टीका संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराईले जनजाति, दलित, थारु र मधेसी समुदायबाट देशमा प्रधानमन्त्री भएको देख्ने सपना रहेको सुनाए । खसआर्य समुदायमा पहिचानसम्बन्धी केही भ्रम रहेको बताउँदै भट्टराईले सदीयौंदेखि उत्पीडनमा परेका जनजाति, दलित, मधेसी, थारु लगायतबाट अब देशमा प्रधानमन्त्री बन्नुपर्ने उनको भनाइ थियो ।




कतिपय मान्छेले बाबुराम त मधेसतिर गए भनेर भ्रम फैलाइरहेको पनि उनले उल्लेख गरे । ‘अस्ति गोरखा जाँदा १ जना बाहिनीले गाडी रोकेर मलाई छोडिदिनुहुन्छ भन्नुभयो । गाडीमा चढेपछि के छ त भनेर सोध्दा उहाँले दाइलाई भोट त हालेकै हो । अहिले के गर्ने खै, दाइ त मधेसतिर जानुभो भन्छन् सबैले भन्नु भो । मैले किन बहिनी मधेस जान हुँदैन । मधेस हाम्रो होइन र भनें,’ भट्टराईले भने, ‘खै यहाँ त सबैले बाबुराम त मधेसतिर लाग्नु भो भन्छन् भनिन् । एउटा गाउँको किसान महिलामाथि यस्तो भ्रम छरिएको छ । आफ्नो देशको भूभाग, आधा जनसंख्या तराई मधेसमा बस्छ, जसले अन्न नदिने हो भने हाम्रो पेट भरिँदैन । अनि बाबुराम भट्टराई मधेस गयो, उपेन्द्र यादव मधेसी भयो भन्ने ? यसरी भ्रमको राजनीति गरेर हुन्छ ?’

उपेन्द्रले नेपाली ठहरिनका निम्ति नेपाली भाषा बोल्नैपर्ने अनि पहाडेले चाहिँ नेवारी, मैथिली, थारु, बोल्न नपर्ने ? उनको प्रश्न थियो । श्रीमती नेवार, छोरी आधा नेवार, नातिनातिना हुँदा आफ्नो परिवारमा २ तिहाइ नेवार हुँदै जाने भइसकेको बताउँदै भट्टराईले पुरानो सोच पालेर नबस्न खसआर्यलाई आग्रह गरे ।

उनले नेपालमा दलित, मधेसी र जनजातिबाट देशमा प्रधानमन्त्री भएको हेर्ने सपना रहेको सुनाए । ‘अहिलेसम्म देशमा ३८ जना प्रधानमन्त्री भए । म ३५ औं प्रधानमन्त्री भएँ । अहिलेसम्म प्रमुख कार्यकारी पदमा मरिचमान श्रेष्ठबाहेक जनजातिको प्रधानमन्त्री किन बनेनन् ? मधेसको मान्छे किन प्रधानमन्त्री भएको छैन । एउटा थारु किन प्रधानमन्त्री भएको छैन ? एउटा दलित किन प्रधानमन्त्री भएको छैन ? महिला किन प्रधानमन्त्री भएको छैन ?’ भट्टराईले भने, ‘मेरो सपना छ, मेरै जीवन कालमा देख्न चाहन्छु, १ जनजातिको छोरो प्रधानमन्त्री होस्, १ दलित प्रधानमन्त्री होस्, १ मधेसी प्रधानमन्त्री होस्, त्यसपछि बल्ल नेपाल एकताबद्ध हुन्छ । यसलाई पागलपन भन्नुहोस् या वैज्ञानिक दृष्टिकोण भन्नुहोस् ।’

हेलमेट लगाएर झार उखेल्न ठूलो लगानी खर्चिएको बताउँदै भट्टराईले केपी शर्मा ओलीमा कुनै पनि भिजन नै नभएको बताए । रवीन्द्र अधिकारी बाँचेको भए धेरै कुरा गर्ने बताउँदै भट्टराईले गणतन्त्रमा नातावाद भन्ने नहुने उनको भनाइ थियो ।

### ‘सरकारमा पनि संघर्ष नै चलिरहेको छ’

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले समाजवादी पार्टी सरकारमा पनि संघर्ष नै गरिरहेको बताएका छन् । उपप्रधानमन्त्री तथा स्वास्थमन्त्री रहेको उपेन्द्रको कानुन मन्त्रालयमा सरुवा भएको छ । समाजवादीले तत्काल सरकार नछाड्ने निर्णय गरेको छ ।

‘हामी संघर्ष गरिरहेका छौं । भन्नुहोला, सरकारमा पनि बस्ने र संघर्ष पनि भन्ने ? सदनमा पनि संघर्ष गरिरहेका छौं । सरकारमा पनि संघर्ष चलिरहेको छ । सडक संघर्षलाई मूल संघर्षका रुपमा लिएका छौं,’ यादवले भने ।

सुशासन कायम गर्न, सबैखाले विभेद अन्य र पछौटेपनलाई समाप्त गर्दै समाजवादको बाटोमा देशलाई लैजान काम गर्ने उनले बताए । नेपालको अर्थतन्त्रमा गोर्खाहरूको ठूलो योगदान रहेको उनको भनाइ थियो । विज्ञ र तिनै गोर्खाहरूको प्रतीकका रूपमा इन्जिनियर धर्मराजलाई कास्की-२ मा उठाएको यादवले बताए । संघीय समाजवादी पार्टीका उपाध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठ, उम्मेदवार धर्मराज गुरुङ लगायतले चुनावी सभालाई सम्बोधन गरेका थिए ।

# ‘आचारसंहिता पालना गर्न प्रतिबद्ध’



**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

कास्की २ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा निर्वाचन आयोगले जारी गरेको आचारसंहिता पूर्ण रुपमा पालना गर्न प्रतिबद्धता जनाइएको छ । निर्वाचनमा सहभागी राजनीतिक दलले सर्वदलीय बैठकमा आचारसंहिता उल्लघंन गर्न नदिन आफैंबाट सुधारको खाँचो औल्याएका छन् ।

कास्कीमा विशेष गरी सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बाट आचारसंहिता उल्लंघन भइरहेको भन्दै प्रतिपक्ष दल नेपाली कांग्रेसले निर्वाचन कार्यालय कास्कीमा उजुरी दिइरहेको सन्दर्भमा पनि बैठक बसी साझा प्रतिबद्धता जनाइएको हो । चुनाव नजिकिँदै जाँदा मतदातालाई प्रभावमा पार्ने काम रोक्न समेत सर्वदलीय बैठकले सहमति गरेको छ ।

**सत्ता पक्षबाट हुने आचारसंहिता उल्लघंनका विषयलाई नदोहोऱ्याउने सहमति**

नेकपा कास्कीका अध्यक्ष कृष्ण थापाले निर्वाचनको मिति नजिकिँदै जाँदा सबै दलले स्वस्थ्य रुपमा भाग लिनुपर्ने बताए । निर्वाचनमा कहाँ कसरी आचारसंहिता उल्लघंन भइरहेका हुन्छन्, त्यसबारे आफैंलाई हेक्का नरहने हुँदा तत्काल सम्पर्क गरेर सुझाव दिन अध्यक्ष थापाले आग्रह गरे । ‘कास्कीको उपनिर्वाचनलाई मोडल चुनावको रुपमा सम्पन्न गर्नुपर्छ,’ उनले भने ।

सत्ता पक्षका दलबाट विकास निर्माणका नाममा भइरहेका आचारसंहिता उल्लघंनका विषयलाई बैठकमा राखिएको कांग्रेस कास्कीका सभापति कृष्ण केसीले जानकारी दिए । ‘फिर्केखोलाको मापदण्डमा भएको महानगरसहितको सम्झौता, वडा १५ मा बाँडिएको कम्मलका विषय लगायत अन्य केही विषय राख्यौं,’ उनले भने, ‘आगामी दिनमा त्यस्ता विषय नदोहोऱ्याउने सहमति भएका छ ।’ निर्वाचनप्रति जनताको विश्वास बढ्ने गरी उपनिर्वाचन सम्पन्न गराउन कांग्रेससहितका दल सहमत भएको उनले बताए ।

‘कोही कसैले पनि भोलिका दिनमा आचारसंहिता उल्लघंन नगर्ने गरी जाने र भएमा जहाँको त्यहीँ करेक्सन गरेर जाने कुरामा प्रतिबद्ध छौं,’ सभापति केसीले भने, ‘सत्ता पक्षकालाई अझ जिम्मेवार भएर आचारसंहिता पालना गर्न भनेका छौं ।’

बैठकमा सहभागी कांग्रेस कास्कीका सचिव देवेन्द्र रानाभाटले निर्वाचनलाई स्वच्छ, पारदर्शी र धाँधलीरहित बनाउन सबै दलले नियम मान्नुपर्ने बताए । ‘मतदातालाई प्रभावमा पार्ने गतिविधि सबै दलले रोक्नुपर्छ,’ उनले भने, ‘ धाँधलीरहित चुनाव सम्पन्न गर्न सबै दल मिलेर सकारात्मक सन्देश दिनुपर्छ ।’

बैठकमा साझा पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, नेपाल कांग्रेस (बिपी) का तर्फबाट सहभागी प्रतिनिधिले आचारसंहिता पालना गर्न ठूला दल नै गम्भीर हुनुपर्ने बताएका थिए । मंसिर १४ गते हुने उपनिर्वाचनमा ११ गते राति १२ बजेदेखि मौन अवधि लागु हुन्छ । मौन अवधिमा प्रचार गर्न पाइने छैन ।

## ‘तहका पदाधिकारीले तलब लिन मिल्दैन’

काठमाडौं, ८ मंसिर (समाधान)–स्थानीय तहका पदाधिकारीको तलब र भत्तालाई सर्वोच्च अदालतले गैरकानुनी ठहऱ्याएको छ । तर ‘सुविधा’ भने लिन पाउने सर्वोच्चको फैसला छ ।

सर्वोच्च अदालतले प्रदेश नम्बर २, ३, गण्डकी, प्रदेश नम्बर ५, कर्णाली र सुदूरपश्चिम प्रदेशले स्थानीय तहका पदाधिकारीलाई ‘सेवा, सुविधाको व्यवस्था गर्न बनाएको ऐनका दफा ३ अन्तर्गतका सम्पूर्ण अनुसूचीहरू बदर हुने’ फैसला गरेको छ । सर्वोच्चको संवैधानिक इजलासले कात्तिक १ गते गरेको फैसलाको आइतबार पूर्णपाठ सार्वजनिक भएको छ । पूर्णपाठ अनुसार स्थानीय तहका पदाधिकारीले लिइरहेका सेवा, सुविधा संविधानविपरीत छ ।

स्थानीय तहका पदाधिकारीको तलब सुविधाविरुद्ध परेको रिटमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा र न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्की रहेको संवैधानिक इजलासले अधिवक्ता लोकेन्द्रबहादुर ओलीले दायर गरेको रिटमाथि कात्तिक १ गते फैसला गरेको थियो । संविधानको धारा २२० को (८) र धारा २२७ सँग प्रदेशसभाले स्थानीय तहका पदाधिकारीलाई सेवासुविधा दिन बनाइएका ऐनका प्रावधान परस्पर बाझिएको सर्वोच्चको फैसलामा भनिएको छ ।

## ३८ विरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, ८ मंसिर (समाधान)- यातायात व्यवस्था कार्यालयका सवारी चालक अनुमतिपत्र बागमती एकान्तकुना ललितपुर तत्कालीन कार्यालय प्रमुख उपसचिव आनन्द केशरी पोखरेलसहित ३८ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । ट्राफिक प्रहरी कार्यालय कास्कीका निवर्तमान प्रमुख मुरारी मिश्र ती ३८ जना भित्र परेका छन् ।

२०६९ वैशाख, जेठ र असरा महिनाभित्र प्रयोगात्मक परीक्षा (ट्रायल) मा ‘फेल’ भएका १ हजार २ सय ८४ जनालाई ‘पास’ गराएको आरोप उनीहरुविरुद्ध छ । आरोपितहरुले ट्रायलको नतिजामा फेरबदल गरी सवारी चालक अनुमतिपत्र जारी गरेको अख्तियारका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए ।

नयाँ सवारी चालक अनुमतिपत्रको कार्यालयमा रहेको अभिलेख लगायतका सरकारी कागजात नोक्सान गरेको र उक्त जारी गरिएका सवारी चालक अनुमतिपत्रको लिनुपर्ने राजस्वसमेत नलिएर सरकारी सम्पत्ति हिनामिना गरेको पुष्टि भएको अख्तियारले दाबी गरेको छ ।

# पोथी चितुवा पासोमा



**कृष्ण न्यौपाने**
दमौली, ८ मंसिर

चितुवा नियन्त्रणका लागि जिल्लाको भानु नगरपालिकाका विभिन्न सामुदायिक वनमा राखिएका काठको खोर प्रभावकारी देखिएको छ । आइतबार बिहान १ चितुवा खोरमा परेको छ । भानु नगरपालिका २ स्थित मजुवा ओख्ले सामुदायिक वनमा राखिएको खोरमा चितुवा परेको हो ।

डिभिजन वन कार्यालय तनहुँका सहायक वन अधिकृत बाबुराम उप्रेतीले खोरमा परेर पोथी चितुवा नियन्त्रणमा आएको जानकारी दिए । चितुवालाई बुटवलको मणिमुकुन्द सेन पार्कमा रहेको मिनी चिडियाखानामा स्थानान्तरण गरिएको छ । सहायक वन अधिकृत उप्रेतीका अनुसार उक्त चितुवा अन्दाजी ८/९ वर्षको छ । ‘उक्त चिडियाखानमा १ भाले चितुवा पनि रहेछ, त्यही भएर पोथी चितुवालाई त्यहाँ स्थानान्तरण गरिएको हो,’ उप्रेतीले भने ।

भानुमा बालबालिकामाथि आक्रमण गर्ने पोथी चितुवा हुन सक्ने अनुमान छ । भालेभन्दा पोथी चितुवा नरभक्षी हुने वनका प्राविधिकको भनाइ छ । खोर निर्माण गरिएपछि २ भाले र २ पोथी गरी ४ चितुवा नियन्त्रणमा आइसकेका छन् ।

यसअघि असोज १६, कात्तिक ११ र कात्तिक २६ गते काठको खोरमा परेर चितुवा नियन्त्रणमा आएका थिए । खोरमा परेको चितुवामध्ये १ लाई रुपन्देहीको शंकरनगरस्थित प्राणी उद्यानमा र २ वटालाई चितवन राष्ट्रिय निकुञ्ज स्थानान्तरण गरिएको थियो ।

भानु नगरपालिका १, २, ३ र ४ का विभिन्न सामुदायिक वनमा चितुवा नियन्त्रणका लागि काठको खोर निर्माण गरेर राखिएको छ । चितुवा नियन्त्रणका लागि काठको खोर प्रभावकारी देखिएको डिभिजन वन कार्यालयका प्रमुख केदार बरालले जानकारी दिए ।

हाल भानुका ५ सामुदायिक वनमा चितुवा नियन्त्रणका लागि ६ वटा परम्परागत काठको खोर राखिएको छ । ३ वटा खोर निर्माणाधीन छन् । देउराली सामुदायिक वन, कालिका सामुदायिक वन, मिनेश्वरी सामुदायिक वन र भीमसेनथुम्की सामुदायिक वनमा १/१ र मजुवा ओख्ले सामुदायिक वनमा २ वटा काठको खोर राखिएको छ ।

चितुवा नियन्त्रणका लागि काठका खोर प्रभावकारी देखिएपछि केही दिनअघि मात्रै डिभिजन वन कार्यालय र भानु नगरपालिकाले खोर बनाउने व्यक्ति र सामुदायिक वनलाई नगदसहित पुरस्कृत गरेको थियो । चितुवा नियन्त्रणका लागि भानुमा राष्ट्रिय प्रकृति संरक्षण कोषबाट पनि प्राविधिक परिचालन भएका छन् ।

भानु नगरपालिका १, २, ३ र ४ मा डेढ वर्षको अवधिमा चितुवाको आक्रमणबाट ६ जना बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट विसं २०७४ फागुन १ गते भानु नगरपालिका ३ दोरदोरका ६ वर्षीय विशाल श्रेष्ठ, विसं २०७५ कात्तिक २९ गते भानु नगरपालिका ४ जोखानेका ४ वर्षीया रन्जिता लम्साल, मंसिर १५ गते भानु नगरपालिका २ ढल्केवरका १० वर्षीय अमृत गुरुङ, जेठ २४ गते भानु नगरपालिका २ भकुण्डथोक निवासी ९ वर्षीया पुष्पा अधिकारी, असोज २१ गते भानु नगरपालिका-१ जामुनेगैह्राका ४ वर्षीय आशिष बानियाँ र भानु नगरपालिका २ फुस्रेटारमा ७ वर्षीय ऋतिक रोकाको मृत्यु भएको छ ।



## प्राइभेट SEE, +2 मा भर्ना

● ग्रेडिङ सिस्टम अनुसार घरमै बसी स्वअध्ययन गरेर वा नियमित कक्षा लिएर SLC/SEE मा १००% पास गर्न सकिने छ। साथै SEE/SLC मा जुनसुकै Grade आएकाले पनि **कक्षा ११ तथा ६ महिनामै +२ पास** गर्न सकिने।
● कक्षा ६, ७ र ८ फेललाई विशेष कक्षाको व्यवस्था ।

**हाइलाइट ओपन स्कूल**
सृजनाचोक, पोखरा-८, फोन: ०६१-५३९५५१, ९८५६०३९५५१

## कर्मचारी आवश्यकता

**पद** : होस्टल वार्डेन
**संख्या** : १ जना
**योग्यता** : स्नात्तक तह भन्दा माथि
**तलब** : आपसी समझदारीमा
**समय** : आवासीय

सम्पर्क:
**सहारा क्लब पोखरा**
पृथ्वीचोक, फोन नं.:-०६१-५५१०५१, ५३२५६१

## GRAND OFFER !!

**लेकसाइड स्थित अत्यन्तै सुचारु अवस्थामा रहेको Branding Concept को रेष्टुरेन्ट विशेष कारणबस बिक्रीमा रहेको छ।**

*Note:*
PRICE WITH / WITHOUT BRAND

For more details:
98011-41144

*"Best for Young Tourism Entrepreneurs"*


# खौलालाँकुरी समाजको आकस्मिक कोष

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

खौलालाँकुरी-पोखरा सम्पर्क समाज पोखराले अप्ठेरोमा परेकाहरुलाई आवश्यक सहयोग गर्न आकस्मिक सहयोग कोष सञ्चालनमा ल्याउने भएको छ । समाजको शनिबार भएको प्रथम अधिवेशनले कोष स्थापनाको निर्णय गर्दै आर्थिक सहयोगका लागि देशविदेशमा रहेका खौलालाँकुरीबासीसमक्ष अनुरोध गरेको छ ।

आगलागी, सडक दुर्घटना, गम्भीर प्रकृतिका बिरामी तथा प्राकृतिक विपतबाट प्रभावितलाई आर्थिक सहयोग गर्ने उद्देश्यले कोष स्थापनामा ल्याउन लागिएको समाजले जनाएको छ । कोषमा तत्काल १० लाख रुपैयाँ रहनेछ । कोषको रकम बढाउदै गएर पछि उक्त वडाको स्वास्थ्य चौकीमा रहनेगरी एम्बुलेन्स खरिदसमेत गर्ने योजना रहेको समाजका अध्यक्ष टंकबहादुर कार्की क्षेत्रीले बताए ।

आकस्मिक सहयोग कोषका लागि कुश्मा १३ का वडाध्यक्ष जंगबहादुर केसीले १ लाख रुपैयाँ उपलब्ध गराउने घोषणा गरेका छन् । साथै नगरपालिकाबाट पनि आवश्यक सहयोग जुटाउने उनले जनाए । यसैबीच समाजले शिक्षा उपसमिति पनि बनाएको छ । उपसमितिले शैक्षिक क्षेत्रमा केकस्तो सहयोग गर्न सक्छ भन्ने विषयमा आवश्यक कार्यविधि बनाई अघि बढ्ने समाजका सचिव लालप्रसाद शर्माले बताए । समाजले आर्थिक, लेखा र सल्लाहकार समिति पनि गठनको निर्णय गरेको छ । समाज अविच्छिन्न उत्तराधिकारवाला, संगठित, मुनाफारहित, जनहितकारी सामाजिक संस्थाको रुपमा जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भएको छ ।

### अध्यक्षमा टंकबहादुर

खौलालाँकुरी-पोखरा सम्पर्क समाजको प्रथम अधिवेशनले तदर्थ समितिलाई निरन्तरता दिएको छ । अध्यक्षमा टंकबहादुर कार्की क्षेत्री, उपाध्यक्षमा हीरालाल विश्वकर्मा, सचिवमा लालप्रसाद शर्मा, सहसचिवमा प्रकाश सुवेदी र कोषाध्यक्षमा कल्पनाकुमारी पौडेल छन् । यसैगरी सदस्यमा जितेन्द्रबहादुर कुँवर, पिताम्बर पौडेल, शिवलाल विश्वकर्मा, चन्द्रबहादुर केसी, अर्जुनप्रसाद सुवेदी, सरस्वती गोतामे सुवेदी, बलबहादुर विक, गंगाकुमारी कार्की, नारायणप्रसाद तिमिल्सिना, टीकाबहादुर केसी, विजय क्षेत्री र टेकनारायण शर्मा छन । तदर्थ समितिलाई नै निरन्तरता दिने अधिवेशनमा सहभागी साधारण सदस्यको एकमत भएपछि मुख्य निर्वाचन अधिकृत लोकराज शर्माले सबै पदमा निर्विरोध भएको घोषणा गरेका थिए । समितिका पदाधिकारी तथा सदस्यले शनिवारै सपथ लिएका थिए । अधिवेशन पर्वतको कुश्मा नगरपालिका-१३ का वडाध्यक्ष जंगबहादुर केसीले उद्घाटन गरेका थिए । अधिवेशनका अवसरमा ८० वर्षमाथिका ज्येष्ठ नागरिकत्रय सुरवीर क्षेत्री, टीकाबहादुर क्षेत्री र जंगवीर विश्वकर्मालाई सम्मान गरिएको थियो ।

# कार्कीनेटा समाजको सभा

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

कार्कीनेटा सम्पर्क समाज पोखराको चौथो वार्षिक साधारणसभा तथा सम्मान कार्यक्रम शनिबार भएको छ । कार्यक्रममा फलेवास नगरपालिकाका प्रमुख पदमपाणि शर्माले समाजले पोखरामा छरिएर बसेका सम्पूर्ण कार्कीनेटेलाई समेटेकोमा धन्यवाद दिए ।

संस्थाका अध्यक्ष आरसी शर्माले समाज निस्वार्थ सामाजिक कार्यका लागि स्थापना भएको र यसबाट कसैले पनि व्यक्तिगत लाभ भन्दा पनि सामाजिक हितका लागि अगाडि बढ्नुपर्ने जनाए ।

संस्थाका सचिव हरिप्रसाद शर्माले भैपरी आउने घटनालाई जुध्न सक्ने साहस दिनका लागि निर्माण गरिएको आकस्मिक सहायता कोषबाट राहत प्रदान गर्दा अध्यक्ष, सचिव, कोषाध्यक्ष र सम्पूर्ण पदाधिकारी र आर्थिक संयोजकको सिफारिसमा राहत वितरण गरिने बताए । संस्थाका कोषाध्यक्ष विनोद पौडेलले समाजबाट आकस्मिक सहायता कोषमा न्यूनतम ५ लाख उठाउने लक्ष्य राखेको भए पनि अहिलेसम्म २ लाख ९० हजार रुपैयाँ उठिसकेको जानकारी दिए ।

कार्यक्रममा आकस्मिक सहायताकोषमा सहयोग गर्ने ३० जना र आजीवन सदस्य ४३ जनालाई माला र सम्मानपत्रद्वारा सम्मान गरिएको थियो । संस्थामा आजीवन सदस्य १ सय ५२ जना, साधारण ४३ र आमन्त्रित सदस्य २ जना छन् । कार्यक्रमको सञ्चालन सचिव हरिप्रसाद शर्माले गरेका थिए भने संस्थाकी उपाध्यक्ष सीता शर्माले स्वागत र संस्थाका अध्यक्ष आरसी शर्माको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# आचारसंहिता उल्लंघनको उजुरी

पोखरा, ८ मंसिर (समाधान)- निर्वाचन आचारसंहिता उल्लंघन भएको भन्दै नेपाली कांग्रेस कास्कीले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा आइतबार उजुरी दर्ता गराएको छ ।

सहायक निर्वाचन अधिकृत रामचन्द्र उपाध्यायका अनुसार पोखरा १७ का वडाध्यक्ष तीर्थराज अधिकारीले पोखरा १७ कै होटल सांग्रीलादेखि महतगौंडासम्मको बाटोमा डोजर प्रयोग गरी पाइप बिछ्याएको भन्दै लिखित उजुरी गरेको छ । निर्वाचन आचारसंहिता २०७२ को दफा ३ को उपदफा १ (ख) विपरीतको काम भएको भन्दै उजुरी दर्ता भएको हो ।

यो बारेमा सोमबार सम्बन्धित पक्षलाई बोलाइने सहायक निर्वाचन अधिकृत उपाध्यायले बताए । यसअघि कार्यालमा ६ वटा उजुरी दर्ता भइसकेका छन् ।

# निर्वाचन सुरक्षा अनुगमन

पोखरा, ८ मंसिर (समाधान) - प्रदेश सभा तथा स्थानीय तहको उपनिर्वाचनको सुरक्षा व्यवस्था प्रभावकारी बनाउन गण्डकी प्रदेश प्रहरी प्रमुख डिआइजी विनोद शर्मा घिमिरेले बागलुङस्थित उपनिर्वाचन क्षेत्रको स्थलगत अवलोकन गरेका छन् । शर्माले निर्वाचनमा खटिने प्रहरी कर्मचारीलाई सुरक्षा व्यवस्थामा कुनै सम्झौता नगर्न निर्देशन दिएका छन् ।

डिआइजी घिमिरेको उपस्थितिमा बागलुङका प्रमुख जिल्ला अधिकारी लुकबहादुर क्षेत्री, जिल्ला प्रहरी कार्यालय बाग्लुङ प्रमुख प्रहरी उपरीक्षक नवराज भट्ट लगायत सुरक्षा निकायका पदाधिकारीले निर्वाचन हुने क्षेत्रको स्थलगत अनुगमन गरेको हो । प्रदेश सभा- २ ख र बडिगाड गाँउपालिका वडा नम्बर २ को वडाध्यक्षका लागि बागलुङमा उपनिर्वाचन हुँदै छ । ती ठाउँमा सुरक्षा अवस्था, जनशक्ति तथा श्रोत साधन परिचालन लगायतका विषयमा छलफल भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

मंसिर १४ गते गण्डकी प्रदेशका बागलुङ, लमजुङ, कास्की र नवलपरासी पूर्व गरी ४ जिल्लामा ५ सिटका लागि उप निर्वाचन हुँदै छ । जसमध्ये १ प्रतिनिधि सभा कास्कीमा, १ प्रदेश सभा बागलुङमा र बागलुङ, लमजुङ र नवलपरासी पूर्वका ३ स्थानीय तहको उपनिर्वाचन हुँदै छ ।


## नाक, पिनासको उपचार

**बिरामी परिक्षण समय दैनिक बिहान ८ बजेबाट ११ बजेसम्म**

**पिनास,माइग्रन तथा नाकको एलर्जीका लक्षणहरू**
१) रुघा लागिरहने, हाछ्यू आइरहने २) जाक बन्द हुने, नाकमा मासु बढेको, गन्ध थाहा नपाउने ३) आधा वा पुरा टाउको दुख्ने, वाक वाक लाग्ने । ४) दम बढ्ने, खोकी लागिरहने ५) घाँटी दुख्ने, टन्सिल भैरहने,स्याँ स्याँ हुने । ६) नाकबाट गन्ध नआउने, स्याँ स्याँ हुने। ७) नाक, आँखा चिलाउने, नाक बाङग्गो भएको । चिसो, धुलो धुँवाबाट चापि हाल्ने भएमा सर्म्पक राख्नुहोला ।

*साथमा स्त्रीरोग तथा पेट, पायल्स,पत्थरीका विरामीहरुले पनि सर्म्पक राख्न सक्नुहुनेछ ।*

**पञ्चम आयुर्वेद क्लिनिक प्रा.लि.**
पोखरा-१० इन्द्रचोक,पोखरा रंगशाला नजिकै
फोन न ०६१-४३२२४२, ९८४६०६८८०६

## शेयर उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

**प्रसाद गिरी**को नाति **उदौ गिरी**को छोरा कास्की जिल्ला पोखरा महानगरपालिका ८ बस्ने चन्दन गिरीको मिति २०७६/१२/२६ मा मृत्यु भएकोले निजको नाममा यस सहकारी संस्थाको शेयर ०१०१२ मा रहेको शेयर रकम भुक्तानी पाउँ भनी पोखरा ८ सिमलचौर बस्ने निजका श्रीमती पार्वती गिरीको निवेदन पर्न आएको हुँदा निज मृतकको नाममा रहेको शेयर रकममा निज निवेदक बाहेक अन्य कसैको समेत हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा आफ्नो आधिकारिक प्रमाण सहित यस संस्थाको कार्यालय पोखरा ८ सृजनाचोकमा शेयर उपर हकदावी गर्नु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र नआएमा निजको निवेदन अनुसार नै हुने व्यहोरा जानकारी गराइन्छ ।

**पानस बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-८, सृजनाचोक, फोन नं. ०६१-५३३००८, ५३३००९






### अर्जेन्ट चाहियो
कार्यालयका लागि कर्मचारी आवश्यकता
साधारण - ३ जना
SEE - ५ जना
+2 above - ५ जना
*तलबः १४,००० देखि १९,५०० सम्म*
*अन्यः गाडिभाडा+ बोनस*
सम्पर्कः
नयाँबजार 9815157802
न्यूरोड, नगरपालिका 9816622792, 9846388326
नोटः अर्जेन्ट परेकाले पहिला आउनेलाई प्रार्थमिकता ।

### आवश्यकता
बजारप्रतिनिधि - ४ जना
कुक, वेटर, क्लिनर- १० जना
मोवाइल पसल, फेन्सी, कस्मेटिकमा-१० जना
सरसफाई, डिसवासर, हेल्पर- ५ जना
लेडिज वेट्रस डे, नाइट- ४ जना
NESCC, **महेन्द्रपुल**
9806611862, 9808333128
नोट : आकर्षक तलब सहित खान बस्नको व्यवस्था

### अफिसको लागि
**संख्या : केही**
योग्यता : Test, SEE, +2above
तलब : १४५००-१९५०० सम्म
समय : ११ देखि ५ बजेसम्म
सम्पर्क :
**9816118765**
**9806544029**
नोट : केही साधारण लेखपढलाई पनि अवसर

### अर्जेन्ट चाहियो
**न्यूरोड, अफिसको लागि**
+2 above - 3
SLC - 4
**साधारण** - 2
ल. तलब : १५५०० देखि २०५०० सम्म
9803519148
9847751326

### VACANCY ANNOUNCEMENT

| S. No. | Post | Level | Qualification |
|---|---|---|---|
| 1 | Social Teacher | Primary | B.Ed or Equivalent |

Responsible & Hardworking ones may contact soon at:
Navadeep English Boarding School
Shivachowk, Pokhara-10
**Ph: 061-432721, 9856033788**

### सटर भाडामा
पोखरा-११ रानिपौवामा बैंक, वित्तिय संस्था, अफिस, गोदाम, होस्टेल, क्लिनिक, शोरुम, तथा अन्य व्यवसायिक प्रयोजनको लागि उपयुक्त २४०० वर्गफिटको हल सहितको सटर भाडामा ।
सम्पर्कः **9805813514, 9846115880**
नोटः प्रसस्त पार्किङको पनि व्यवस्था छ ।

### तु आवश्यकता
**स्कुल बस हेल्पर- १ जना (पूरुष)**
खाना, खाजा र बस्नको सुविधा सहित
तलब : आकर्षक
सम्पर्क :
कास्की मोर्डनाइज्ड एकेडेमी
पोखरा-१४, चाउथे
**०६१-५३९००७, ९८५६०८१२९९**

### अर्जेन्ट चाहियो
**साधारण - 3**
**SLC - 4**
**+2 above - 6**
ल. तलब : 14500 देखि 20500
सुविधा : दैनिक गाडी भाडा
सम्पर्क : **9816139404, 9819152574**
(अनुभव नभएकालाई पनि अवसर)

### घडेरी बिक्रीमा
**पोखरा - २७ हमालचोकमा २०×७० को घडेरी बिक्रीमा ।**
सीधा सम्पर्क :
9846858500

### पसल बिक्रीमा
**थान कपडाको**
स्थान : बाग्लुङ बसपार्क (पोखरा)
सम्पर्क :
**9824121887, 9867862286**

### भाडामा/बिक्रीमा
पोखरा रंगशाला अगाडि रेष्टुरेन्ट,लाहुरे ट्रेनिङ, बैंक, नर्सिङ होम, होस्टेल शोरुम, जुम्बा
**फ्ल्याट/सटर**
सम्पर्क :
9856020852

### तु आवश्यकता
विद्यालयको लागि
**सुरक्षा गार्ड -१ जना**
**घरमा काम गर्ने महिला - १ जना**
सम्पर्क :
**061-533249, 9806644889**

### टिचर चाहियो
**बिहान वा बेलुका १ टाइम घरमै आई कक्षा ९ को विद्यार्थीलाई Math र Science Tuition पढाइदिने शिक्षकले सम्पर्क गर्नुहोला।**
**सम्पर्कः**
9846037065

### रेष्टुरेन्ट बिक्रीमा
**डेमसाइड स्थित अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणबस तु-बिक्रीमा छ।**
सम्पर्कः
9842738109
9866345234

### आवश्यकता
**सिद्वार्थचोकमा अगरबत्ति** बनाउन पढे-नपढेका थप नयाँ **लेडिज, गृहिणी, महिला** कर्मचारीहरूको आवश्यकता
-१००% कामको ग्यारेन्टी
- आफ्नै घरमा सामग्री लगेर फुर्सदको समयमा काम गर्न सकिने
- काम दक्षताको क्षमताको आधारमा मासिक ६/७ हजार भन्दा बढी कमाउन सकिने
9846708109, 9804102860
सिद्धार्थचोक पोखरा
साथमा निशुल्क गुडिया तालिम दिइन्छ ।

### तु आवश्यकता
**कुक-१ जना**
तलब : १८,०००/-
खान बस्न सुविधा
सम्पर्क :
**ए वन रेष्टुरेण्ट**
९८५६०२९१६३

### तु-चाहियो
नगरपालिकास्थित फ्रान्सेली बिजनेश Project को लागि थप कर्मचारी आवश्यकता।
साधारणः ५ जना
एस.एल.सी: +३ जना
+2 above: ५ जना
तलबः १५,०००देखि १९,००० सम्म
सम्पर्कः 9805821072, 9846057770, 9825121466
नोटः पहिला आउनेलाई जब ग्यारेन्टी ।
समयः ११ बजेदेखि ४:३० बजेसम्म

### अफिसको लागि
NO Interview
NO Experiene
साधारण- ५ जना
SLC- ४ जना
+2 ABOVE-३ जना
तलब : 14000 देखि 18500 सम्म
अन्य सुविधा : दैनिक गाडि+मासिक बोनस
सम्पर्क : 9805240858, 9846381661
बगर
समय : ११ बजेदेखि ५ बजेसम्म
नोट : +2 / Bachelor Person लाई प्राथमिकता

### तु चाहियो
बसपार्क अफिसको लागि
8 Pass- ३ जना
SLC, +2 above- ५ जना
तलबः १५,५००-२०,००० सम्म
सम्पर्क :
9821325720,
9846647627

### घडेरी बिक्रीमा
**पोखरा-१७, घारीपाटनमा २० x५० को घडेरी बिक्रीमा छ ।**
**सम्पर्कः**
**९८१६६७५५३०**

### आवश्यकता
**किचन हेल्पर- १ जना महिला**
खान, बस्नको सुविधा ।
सम्पर्कः
**गोर्खा ई.बो.स्कुल**
**फोन नं.: ९८५६०२२०९०**

### जग्गा भाडामा
पोखरा चाउथे हाइवेमा ९ रोपनी जग्गा साथै जेठोबुडो धान र पराल बिक्रीमा
सीधा सम्पर्क :
**९८४६१३७०१७**

### गेष्ट हाउस भाडामा
लेकसाइड, सेदीबगरमा अत्यन्त चालु अवस्थामा रहेको गेष्ट हाउस भाडामा छ ।
सम्पर्कः
**९८०५८१६६६४, ९८६४३७३८०१**

### तु आवश्यकता
तनहुँको दुलेगौंडामा सञ्चालित **डि जि क्याफे**को लागि निम्नलिखित कामदार को आवश्यकता ।
**कुक** : १ जना (ईन्डियन तथा Continental)
**कुक हेल्पर** : २ जना (वेटर मा पनि ज्ञान भएको)
**डिसवासर** : २ जना
तलब : आपसी समझदारीमा
मो.: ९८५६०२५५८२, ९८०४१९३४६६
साथै रेष्टुरेण्ट बिक्रीमा रहेकाले इच्छुकले सम्पर्क गर्नुहोला ।

### नयाँ अफिसको लागि
साधारण लेखपढ-३ जना
SEE-५ जना
+2 above- ४ जना
सम्पर्क
**9829114743, 9806646755,**
तलब : १४,५००-२०,००० सम्म
समय : ११ बजेदेखि ५ बजेसम्म
सुविधाः गाडीभाडा
नोट : अर्जेन्ट परेकोले पहिला आउनेलाई विशेष प्राथमिकता

### बाईक बिक्रीमा
निलो कलरको २२० सिसि को १६ लटको पल्सर बाइक बिक्रीमा।
सम्पर्कः
**९८१९१२०३४०, ९८१९१२९६६२**

### रेष्टुरेन्ट बिक्रीमा
लेकसाइडको 16street मा रहेको अत्यन्त चालु अवस्थाको रेष्टुरेन्ट बिशेष कारणवस तु बिक्रीमा छ।
सम्पर्क **9821299167, 9846023306**

### खाजा घर/किराना पसल बिक्रीमा
पोखरा ७ जिएमसि कलेज अगाडि रहेको चालु अवस्थाको खाजा घर बिक्रीमा
सम्पर्क :
9806622326,
9842265404
पोखरा ७ माछापुच्छ्रे टोलमा रहेको चालु अवस्थाको किराना पसल बिक्रीमा छ ।
सम्पर्क :
9841968304,
9827158555

### नि:शुल्क कम्प्युटर
**MSG (Mitra stores Group)** को सहयोगमा ५० जनाको कोटामा Accounting Package, Cashier, Receptionist, Basic, Diploma, Web Development मा भर्ना खुल्यो ।
फर्म बुझाउने अन्तिम मिति :
**२०७६ मंसिर १२ गते**
**100% job Replacement**
**GENIUS COMPUTER WORLD**
Pokhara -17 Birauta
Contact 9819131747, 9864430831
जापानिज भाषाको नयाँ कक्षाहरु सञ्चालन तथा स्किल टेष्टको व्यवस्था

### संजय चाबी घर
सम्पूर्ण किसिमका गाडी, VW, Breja, Skoda, Hundai आदिका गाडीको चाबी तथा रिमोट बनाउनु परेमा हामीलाई सम्झनुहोला ।
होम सर्भिसको पनि व्यवस्था छ ।
सम्पर्क :
9846042291
9846361602
061-521532
नम्बर सेभ गर्नुहोला आपतमा काम लाग्नेछ ।

### घडेरी बिक्रीमा
- शिशुवा बलभद्र स्कुलको पूर्व पट्टी १९×४५ को
- दिपाङ ताल जाने पिच बाटोमा २०×४० को
- शिशुवा चोकबाट उत्तर पूर्व जाने बाटोमा २०×४० को घडेरी बिक्रीमा

सम्पर्क :
**९८०६७१३५७२**

### रिकण्डीशन गाडी बिक्रीमा

| | |
|---|---|
| Wagon-R Vxi | 2016 |
| Ace Pick Up | 2010 |
| Picanto | 2009 |
| Indica | 2014 |
| Polo | 2013 |
| Eon Era Plus | 2012 |
| Swift Vxi | 2008 |
| A-star Zxi | 2012 |
| Brezza ZDI+ | 2018 |
| Ford Figo 1.2 Zxi | 2012 |
| M-800 | 2011 |
| Alto 800 Lxi | 2017 |

**फाइनान्स सुविधा छ। सम्पर्क**:
9801935615,9801935617

# अर्मलामा जडिबुटी खेती र केबुलकार : विद्या

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर



नेकपा उम्मेदवार विद्या भट्टराई अधिकारीले ग्रामीण क्षेत्रको विकास बिना समृद्धि कोरा सपना हुने बताएकी छन् । उनले देशैभर समानुपातिक विकास र जनस्तरसम्म अधिकारका लागि संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन नेकपाले योगदान गरेको बताइन् । अर्मला र मौजाका लेकमा जडिबुटी उत्पादन र पशुपालन फारम स्थापना गरी व्यवसायिक बनाउने योजना उनले सुनाइन् ।

भट्टराईले मौजा, काहुँ, भलाम, अर्मलाकोट, निर्मलपोखरी जस्ता डाँडामा केबुलबार सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइन् । यसका लागि वातावरणीय प्रभाव मूल्यांकन र सम्भाव्यता अध्ययन थालिएको छ । उनले अर्मलादेखि मौजासम्मको बाटो ३ वर्षभित्रमा कालोपत्रे गरिसक्ने घोषणा गरिन् । अर्मलाकोटलाई प्रमुख पर्यटकीय गन्तव्य बनाइने उल्लेख गर्दै उनले विकासका लागि गुरुयोजना बनाउने प्रतिबद्धता जनाइन् ।

विपक्षीले आफू र आफ्नो दलमाथि लगाएका आरोपको जवाफ जनमतले दिने उल्लेख गरिन् । आइतबार पोखरा १६ अर्मलामा भएको घरदैलो र कोणसभामा उनले कांग्रेसले फैलाएका भ्रममा जनताले विश्वास नगर्ने उल्लेख गरिन् । 'विश्वासले संसार जितिन्छ,' उनले भनिन्, 'जोसुकैले जस्तोसुकै अपवाह फैलाए पनि जनता जनार्दन हुन् । आफैं सत्य छुट्याउन सक्षम छन् ।'

नेकपा कास्की अध्यक्ष कृष्ण थापाले बृहद खानेपानी योजना सकेर चाडै यो क्षेत्रमा खानेपानीको सहज आपूर्ति हुने बताए । नेपाल ओलम्पिक कमिटीका सदस्यसमेत रहेका नेकपा नेता तेजबहादुर गुरुङले नेकपा विकास र समृद्धिको संवाहक भएको उल्लेख गरे ।

कार्यक्रममा नेकपा नेताहरु मीना गुरुङ, विनय थापा, गोमा गौतम, मातृशिशु अस्पतालकी उषा बरुवाल, लक्ष्मीनारायण आमा समूहकी अध्यक्ष सपना जिसीलगायतले बोलेका थिए ।

**एजेन्डासहित नेकपा घरदैलोमा**

उपचुनाव हुने पोखराका ११ वटै वडामा नेकपाले अभियान जारी राखेको छ । प्रचारप्रसार समिति संयोजक त्रिभुवन पौडेलले नेकपाले चुनावी प्रचारसँगै निर्वाचन निष्पक्ष, मर्यादित र सहज वातावरणमा सम्पन्न गर्न पहल गरेको बताए । कात्तिक ११ गते नेकपाले प्रदर्शनी केन्द्रमा हुने आमसभामा सहभागी हुन कास्की २ का वासिन्दालाई उनले आग्रह पनि गरे । सभामा प्रधानमन्त्री केपी शर्मा ओली, नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड लगायतका नेताले सम्बोधन गर्ने छन् ।

नेकपाले पोखरा ४ का मतदातासँग भेटघाट गरिरहेको छ । नेकपा वडा कमिटी, बुद्धिजीवीसहित घरदैलौ गरी नेकपाका एजेन्डा जनतालाई बुझाउने क्रम जारी रहेको चुनावी कमान्डर दामोदर बैरागीले बताए ।

पोखरा ७ मा नेकपानिकट सहकारीकर्मी र बुद्धिजीवीको बैठक भएको छ । नेकपा वडा अध्यक्ष पुरुषोत्तम रेग्मीले घरदैलोकोसहित नमुना मतपत्र लिएर निर्वाचन परिचालन कमिटी लागिरहेको बताए । वडामा मतदाताका माग सुन्ने र बुथ कमिटी सदस्यलाई प्रशिक्षण दिइरहेको पोखरा ८ अध्यक्ष लक्ष्मीप्रसाद सुवेदीले जानकारी दिए । वडा नं ९ का चुनावी कमान्डर प्रभा कोइरालाको नेतृत्वमा आइतबार महेन्द्रपुल, पालिखेचोक, भीमसेनचोक, नयाँबजार, शुभकामना टोल लगायतका क्षेत्रमा घरदैलो गरिएको वडा कमिटी अध्यक्ष यमबहादुर कार्कीले जानकारी दिए । नेकपा पोखरा ११ का चुनावी कमान्डर चूडामणि जंगलीले आइतबार काहुँडाँडामा घरदैलो भइरहेको बताए ।

पोखरा १५ मा खरबारी, मितेरी टोल, ठूली मजुवा क्षेत्रमा घरदैलो गरी मतदातालाई नेकपा दुखसुखमा जनतासँगै रहेको जनाएको छ । वडाका चुनावी कमान्डर बखान सिंह तमु, १५ का अध्यक्ष भक्तबहादुर खत्री लगायत घरदैलोमा सहभागी छन् । उम्मेदवारसहितको घरदैलो सकिएपछि नेकपा १७ ले वडाका विभिन्न भेगका मतदातासँग भेटघाटसहित अन्तर्क्रिया गरिरहेको छ ।

नेकपा १७ सचिव ईश्वरी लम्सालले मंसिर १० गतेसम्म घरदैलो गरी नेकपा नेतृत्वका ३ तहका सहकारले गरेका काम र एजेन्डाहरु बुझाइरहेको बताए । पोखरा १७ मा यो आर्थिक वर्षमा मात्रै ५४ करोड १५ लाखका काम भइरहेका छन् । यही आर्थिक वर्षमा ३ झोलुंगे र ५ मोटरेबल पुल र १ मर्मत गरी ११ वटा पुललाई बजेट छ । मुस्ताङचोकबाट छोरेपाटनसम्म ४ लेनको ठेक्का, वडाका सबैजसो भागमा खानेपानीको व्यवस्था यही आर्थिक वर्षमा भइसक्ने लम्सालले जानकारी दिए । पोखरा २० मा बुथ कमिटीको प्रशिक्षण, घरदैलोको समीक्षा, मतदाता शिक्षा जस्ता अभियानमा नेकपा लागेको अध्यक्ष भीमप्रसाद बास्तोलाले बताए । पोखरा २० भलाममा भएको कार्यक्रममा राप्रपा कास्की जिल्ला सदस्यद्वय कृष्णबहादुर कार्की र रमनबहादुर कार्कीलाई नेकपा गण्डकी सहइन्चार्ज खगराज अधिकारीले नेकपामा स्वागत गरे । उनीहरुसँगै लोकबहादुर कार्की, रामबहादुर रसाइली, ओमबहादुर रसाइली, नन्दलाल रसाइली र दमयन्ती अधिकारी पनि विभिन्न पार्टी परित्याग गरी नेकपा प्रवेश गरेका छन् । पोखरा २१ मा चुनावी कमान्डर दीपक पौडेल, खड्ग हमाल, झपट रानाभाट, श्रीराम सुवेदी लगायतको टोली मतदाता भेटघाट र नेकपाको रोडम्याप जनतालाई बुझाउन व्यस्त छ । पोखरा ३३ का ५ बुथ कमिटीका बैठक गरी रणनीति तय गरिएको र आवश्यकता अनुसार घरदैलो, छलफल र भेटघाटमा केन्द्रित रहेको नेकपा अध्यक्ष गुरुप्रसाद क्रान्तिकारीले बताए ।

**कांग्रेस नेता नेकपा प्रवेश**

२० वर्षदेखि कांग्रेसको सक्रिय साबिक अर्मला गाउँ कमिटी सचिव धर्मराज आचार्य नेकपा प्रवेश गरेका छन् । कांग्रेस हरिपाउ मुला छर्ने क्षेत्रका चुनावी कमान्डरसमेत रहेका आचार्यले नेकपाको सहाराविना विकास निर्माण सम्भव नरहेकाले आफू नेकपा प्रवेश गरेको बताए । आचार्यसहित ७ जना नेकपाको समृद्ध नेपाल, सुखी नेपालको नारालाई आत्मसात गरी नेकपा प्रवेश गरेको प्रचारप्रचार सहसंयोजक झपट रानाभाटले जानकारी दिए ।

# कांग्रेसप्रति जनताको विश्वास र भरोसा

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर



कांग्रेस कास्कीले १४ गते हुने उपनिर्वाचन केन्द्रित घरदैलो, छलफल र मतदातासँग भेटलाई बाक्लो बनाएको छ । चुनाव प्रचार अभियान अन्तर्गत तेस्रो चरणका कार्यक्रम जारी छ । अभियान अन्तर्गत चुनावी सभा र मतदातालाई पार्टीको प्रतिवद्धता जनाउने काममा केन्द्रित बनेको छ । कांग्रेसले जित्ने आधार तय गनै घरदैलो अभियान पनि जारी राखेको छ । केही वडामा उम्मेदवारसहितको र केही वडामा नेता कार्यकर्ता सहितको घरदैलो जारी छ । कांग्रेसले उम्मेदवार मनोनयनदेखि मौन अवधिसम्मका समयलाई ३ चरणमा विभाजन गरी चुनावी प्रचार गरेको थियो ।

पहिलो चरणमा चुनावी प्रचार समिति गठन र रणनीतिक छलफल गरेको कांग्रेसले दोस्रो चरणमा पूरै समय घरदैलोमार्फत मतदाता भेटघाट र कोणसभामा केन्द्रित गऱ्यो । तेस्रो चरणका ७ दिनमा पूरै समय चुनावीसभा, घरदैलो, मतदाता भेटघाट मै केन्द्रित गर्ने कास्की कांग्रेसका सभापति एवं चुनाव प्रचार समितिका संयोजक कृष्ण केसीले जानकारी दिए ।

केसीले यो चरणमा चुनावीसभामार्फत पार्टीको प्रतिवद्धता जनतासामू लैजाने, मतदातालाई लोभ र प्रलोभनमा पार्नेहरु गोप्य रुपमा अनुगमन र खबरदारी गर्ने बताए । 'पूरै पार्टी पंक्ति यो चुनावमा परिचालन भएको छ । जुन ठाउँमा जो आवश्यक पर्छ सोही अनुरुप रणनीति तयारी गरेका छौं', सभापति केसीले भने, 'अबको ७ दिन मतदाता केन्द्रित हुनेछौं । पैसाको मुठो बाँडेर मतदातालाई प्रलोभन पार्ने विरुद्ध खबरदारी गर्न पूरै तयारी गरेका छौं ।'

आइतबार पोखरा २० भलाममा उम्मेदवारसहितको घरदैलो अभियान भएको छ । पोखराका अन्य वडामा पनि नेता कार्यकर्ताले घरदैलो गरी मतदाता भेटघाट कार्यक्रमलाई जारी राखेको कास्की कांग्रेसका सभापति कृष्ण केसीले जानकारी दिए ।

पोखरा ७ मा घरदैलो अभियान जारी रहेको र मतदाता भेटघाट अन्तिम चरणमा पुगेको कांग्रेस नेता एवं चुनाव प्रचार समितिका संयोजक शुक्रराज शर्माले जानकारी दिए । केही टोल बाहेक अधिकांशमा मतदाता भेटघाट सकिएको उनले बताए ।

वडा भित्र पनि कलस्टर छुट्याएर अभियान सञ्चालन गरिएको संयोजक शर्माले बताए । उनले भने, 'टोलै पिच्छे छुट्टाछुट्टै समिति गठन गरेर अभियान अघि बढाएका छौं । साथै पार्टीका सबै संयन्त्रलाई पनि परिचालन गरेका छौं ।' नेविसंघका नेता कार्यकर्ताले विद्यार्थी, महिला संघका नेता कार्यकर्ताले महिला, तरुण दलका नेता कार्यकर्ताले युवा, जनजाति संघका नेता कार्यकर्ताले जनजातिसँग भेटघाट गरेको नेता शर्माले बताए । उनले भने, 'कांग्रेस पार्टीप्रति विश्वास र उम्मेदवार खेमराज पौडेलको लोकप्रियताले मतदाता निकै उत्साहित छन् । कांग्रेसको पक्षमा मत दिन आतुर छन् ।'

यता, पोखरा १६ मा पनि घरदैलो अभियान जारी छ । जसअन्तर्गत पहिलो चरणमा मतदाता भेटघाट कार्यक्रम भएको छ । चुनाव प्रचार समितिका संयोजक कुमार खड्काका अनुसार यस क्षेत्रमा आगामी मंसिर ५ गते उम्मेदवारसहितको घरदैलो अभियान हुनेछ । त्यसको तयारी पनि भइरहेको र पार्टीका सबै संयन्त्र परिचालन गरि चुनाव प्रचार भइरहेको गण्डकी प्रदेशसभा सदस्यसमेत रहेका नेता खड्काले जानकारी दिए ।

यस्तै, पोखरा ११ मा पनि चुनाव प्रचार अभियान जारी छ । चुनाव प्रचार समितिका संयोजक शारदा पौडेलका अनुसार पार्टीका सबै संयन्त्रको बैठक बसेर विभिन्न समिति बनाएर अघि बढाइएको छ । संविधानसभा सदस्य समेत रहेकी उनले पोखरा ११ कांग्रेसकै पकड क्षेत्र भएको भन्दै यस क्षेत्रमा पहिला भन्दा दोब्बर मत ल्याउन कांग्रेस सक्रिय भएर लागेका जानकारी दिइन् ।

यसैगरी पोखरा ९ मा घरदैलोमार्फत मतदाता भेटघाट कार्यक्रम अन्तिम चरणमा पुगेको चुनाव प्रचार समितिका संयोजक वीरेन्द्रनारायण बिजुक्छेले जानकारी दिए । पोखरा ९ मा विगतका चुनावमा भन्दा धेरै भन्दा धेरै मत तान्न कांग्रेस सक्रिय भएर लागेको र मतदाता पनि निकै उत्साहित रहेको संयोजक बिजुक्छेले बताए ।

यसैगरी पोखरा १७ मा पनि आइतबार अभियान जारी छ । यस वडामा केन्द्रीय सदस्य धनराज गुरुङ, कास्की कांग्रेसका सभापति कृष्ण केसी, वडा इकाइ सभापति देवराज आचार्यसहितको घरदैलो अभियान भएको हो । आइतबार महतगौंडा क्षेत्रका मतदातासँग भेटघाट भएको इकाइ सभापति आचार्यले बताए । कांग्रेसले पोखरा ३३ मा आइतबार बिहानैदेखि घरदैलो अभियान सञ्चालन गरेको थियो । अभियानमा उम्मेदवार खेमराज पौडेललगायत कास्कीका नेता सहभागी थिए । उम्मेदवार पौडेलले पोखरा ३३ सबै क्षेत्रमा आइतबार घरदैलो र चुनावी सभा हुने कांग्रेसका केन्द्रीय सदस्य एवं सो क्षेत्रका चुनावी कमान्डर जीवन परियारले जानकारी दिए । उनले पोखरा ३३ ठूलो वडा भएकाले आफूले धेरै दिनदेखि खटिएर अधिकांश मतदातासँग भेटघाट गरिसकेको र केही मतदातासँग अझै भेट्ने कार्यक्रम रहेको बताए । उनले भने, 'भेट्घाटका क्रममा जनताका गुनासा धेरै नै पायौं, अब उनीहरूका गुनासालाई पार्टीमा छलफल गरेर संवोधन गर्न तर्फ पनि ध्यान दिन्छौं ।' उनले कांग्रेसप्रति जनताको विश्वास उच्च रहेको बताए

**सही व्यक्ति छान्ने अवसर छ : डा. रिजाल**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं कास्कीका चुनावी कमान्डर डा. मिनेन्द्र रिजालले जनतालाई सही व्यक्ति रोज्ने अवसर आएको बताएका छन् । पोखरा महानगरपालिका २१, ठूलीस्वाँरामा भएको चुनावी कोणसभालाई सम्बोधन गर्दै नेता रिजालले खेमराज पौडेल जत्तिको निष्ठावान व्यक्तित्व नेपाली राजनीतिमा कहिल्यै नपाइने बताए । 'एकतिर ६० बर्षको राजनीतिमा निष्ठापूर्वक बसेका खेमराज पौडेल खडा हुनुहुन्छ । अर्कोतिर भ्रष्टाचारको सबैभन्दा ठूला प्रतिमुर्ति बनेको कम्युनिस्ट पार्टी बसेको छ,' उनले भने 'कसलाई रोज्ने तपाईंहरूको हातमा छ ।' उनले अहिलेको मत खेमराज पौडेलका लागि मात्र नभएर व्यवस्था परिवर्तन गर्न खबरदारीका लागि पनि आवश्यक रहेको बताए ।

ठुलीस्वाँरा टोल विकास संस्थाका अध्यक्ष नरबहादुर राना, स्थानीय समाजसेवी नरबहादुर राना, भिमबहादुर रानाले कांग्रेस नेताहरुलाई स्थानीय समस्याबारे गुनासो सुनाएका थिए । कोणसभामा उम्मेदवार खेमराज पौडेल, चुनावी कमान्डर गुरु बराल, नेताहरू धनराज गुरुङ, देवराज चालिसे, सोभियतबहादुर अधिकारी, सांसद बृन्दादेवी राना रलगायतले बोलेका थिए ।

**कांग्रेसमा प्रवेश**

आइतबार पोखरा २१ मा पनि मोती प्रसाद आचार्य, कृष्णबहादुर परियार, लेखबहादुर नेपाली, बत्ती कुँवर, मञ्जु विक नेकपा छाडेर कांग्रेसमा प्रवेश गरे । उनीहरूलाई कांग्रेसका केन्द्रीय सदस्य धनराज गुरुङ, उम्मेदवार खेमराज पौडेल, चुनावी कमान्डर गुरु बराल लगायतले पार्टी प्रवेश गराएका थिए ।

# शासक होइन, सेवक बन्छु : रजनी

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

उपनिर्वाचनमा साझा पार्टीकी उम्मेदवार रजनी केसीले आफू शासक नभई सेवक बन्ने बताएकी छन् । पोखरा १६ मा आयोजित कोणसभामा उनले भनिन्, 'म जनताका समस्या समाधान गर्न जनतासँगै हातेमालो गरेर सेवक बन्न चाहन्छु, शासक बन्न राजनीति गरेकी होइन ।'

चुनावमा आश्वासन बाँडेर नभइ अवसर पाए काम गरेर देखाउने उनले बताइन् । 'हामी आश्वासनको राजनीति गर्दैनौं, अवसर पायौं भने काम गरेर देखाउछौं,' उनले भनिन् । युवा विदेश जान बाध्य रहेको भन्दै उनले अब देशमा नै श्रम खर्चनुपर्ने समय आएको बताइन् । साझा पार्टी विध्वंसको राजनीतिबाट टाढा रहेको भन्दै १ पटक मत र मन परिवर्तन गरेर काम गर्ने अवसर प्रदान गर्न उनले आग्रह गरिन् ।

पार्टीका केन्द्रीय सदस्य विकल शेरचनले साझा पार्टी कम्युनिस्ट र कांग्रेसको सही विकल्प भएको बताए । '३० वर्षदेखि पालैपालो देशको नेतृत्व गरेका पार्टीले हामीलाई केही दिन सकेनन्, अब हामीले देश र हाम्रा सन्तानका बारेमा सोच्नुपर्ने बेला आयो,' उनले भनिन् । पार्टीका कास्की जिल्ला संयोजक अर्जुनप्रसाद खनालले देशमा योग्य मानिसको कदर हुन नसकेको जिकिर गरे । निर्वाचन आयोगले तोकेभन्दा पनि कम खर्चमा चुनाव सक्ने उनले दाबी गरिन् ।

# वडावडामा राप्रपाको चुनावी सभा

पोखरा, ८ मंसिर (समाधान) - राष्ट्रिय प्रजातन्त्र पार्टीले कास्कीको २ अन्तर्गतका सबै वडामा चुनावी सभा र घरदैलो जारी राखेको छ । घरदैलो अन्तर्गत पोखरा ३३ भरतपोखरी राप्रपाका उम्मेदवार रोमबहादुर भण्डारीसहितको टोली सहभागी थियो । आइतबार बिहानैदेखि राप्रपाका कावा अध्यक्ष बुद्धिमान तामाङसहितको केन्द्रीय नेताहरुको टोलीले उक्त क्षेत्रमा घरदैलो गरेको हो ।

राप्रपा उम्मेदवार भण्डारीले स्थानीयहरुसँग पार्टीभन्दा माथि उठेर गाई चिह्नमा मतदान गर्न आग्रह गरे । चुनावी कार्यक्रममा केन्द्र, प्रदेश, नगर, जिल्ला, वडाका नेता तथा कार्यकर्ता, शुभेच्छुकहरुको सहभागिता रहेको पार्टीका प्रचारप्रसार संयोजक सूर्य बास्तोलाले बताए ।

राप्रपाको अभियान सकारात्मक परिवर्तन, राष्ट्रियता, हिन्दुत्व विकास र सुशासनको लागि चिह्न गाईमा मतदान गर्न आग्रह गरे । राष्ट्रिय प्रजातन्त्र पार्टी कास्की क्षेत्र नं. २ को वृहत चुनावी आमसभा आउँदो ११ गते पृथ्वीचोकमा हुने र उक्त सभालाई पार्टीका केन्द्रीय नेताहरुले सम्बोधन गर्ने भएका छन् ।


## तु आवश्यकता

**विज्ञान/गणित शिक्षक- १ जना**
**अंग्रेजी शिक्षिक- १ जना**

नोट : दिउँसो १ बजेदेखि ४ बजेसम्म कक्षा १० को विद्यार्थीको लागि ट्युसन पढाउनु पर्ने।

**हाइलाइट ट्युसन सेन्टर**
सृजनाचोक, पोखरा-८, फोन ०६१-५३५५५१, ९८५६०३५५५१


## महिला हराएको सूचना

पोखरा -६, लेकसाइड शान्तिपथ बस्ने नारायण प्रसाद पौडेलको श्रीमती दिपा पौडेल मिति २०७६ कात्तिक २९ गते बिहान ८:१५ बजेदेखि हराएको हुँदा निम्न हुलिया भएको महिला देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।



**हुलिया विवरण :**
नाम : **दिपा पौडेल**
उमेर : २६ वर्ष
उचाई : ५ फिट
वर्ण : गहुँ गोरो, अनुहारमा तिलकोठी भएको
कपडा : निलो जिन्स पाइन्ट र खैरो टिसर्ट

**सम्पर्क नं. ९८४६७७४९२५, ९८१९१९१४५६**

## हार्दिक समवेदना

जन्म मिति:
वि.सं. २००७/११/१६



स्वर्गारोहण मितिः
वि.सं. २०७६/०८/०१

**स्व. रामबहादुर खड्का**

कालिका मन्दिर संरक्षण समितिका कार्यसमिति सदस्य श्री गणेशबहादुर खड्काका पुजनीय पिता **रामबहादुर खड्का**को असामयिक स्वर्गारोहण भएकोले हामी अत्यन्तै मर्माहत भएका छौं । उहाँको निधन भएको आज ९ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको वैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति श्री कालिका माईले धैर्यधारण धारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष एवं
**सम्पूर्ण कालिका मन्दिर संरक्षण समिति परिवार**
पोखरा-१०, रक्षामार्ग

## पोखरा उपत्यका नगर विकास समितिको मुस्ताङचोक नजिक रहेको सटर र कोठा सहितको भवन भाडामा दिने सम्बन्धी सूचना ।

पुनः दोस्रो पटक प्रकशित मिति : २०७६।८।९ गते

यस समितिको स्वामित्वमा रहेको पोखरा उपमहानगरपालिकाभित्रका निम्न लिखित जग्गामा बनेको १२ वटा सटर र सटरको पहिलो तलामा रहेका ६ वटा कोठा सहितको भवन भाडामा लगाउनुपर्ने हुँदा भाडामा लिन इच्छुक नेपाली नागरिक भएमा नागरिकताको प्रमाणित प्रतिलिपि र पान नं. तथा प्रचलित कानुन वमोजिम दर्ता भएका संघ, संस्था भएमा २०७६ आषाढ मसान्त सम्म नविकरण भएका प्रमाणित संस्था दर्ता र २०७५ सालसम्मको करचुक्ता प्रमाण सहित निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउ पत्र खरिद गर्न सकिने छ । खरिद गरिएका दरभाउपत्र भोलीपल्ट अथवा १६ औं दिनको १२:०० बजे सम्ममा यस समितिको कार्यालयमा सिलबन्दी दरभाउपत्र दर्ता गराउनुपर्ने छ । दरभाउपत्रहरु सम्बन्धित कार्यालय र दरभाउपत्रवालाहरुको प्रतिनिधिको रोहवरमा सोहीदिन २:०० बजे खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

**शर्तहरु :**

१) नियमानुसार लाग्ने पानी तथा बिजुली महसुल, सानातिना मर्मत खर्च तथा नेपाल सरकारलाई बुझाउनुपर्ने घरजग्गा वहाल कर तथा अन्य शुल्क दरभाउपत्रदाता स्वयले नै व्यहोर्नुपर्ने छ ।
२) दररेट फारम लिन र पेश गर्न अन्तिम दिन विदा परेमा क्रमशः कार्यालय खुलेको दिनमा उल्लेखित समयभित्र लिन र पेश गर्न सकिने छ ।
३) यो करारको अवधि ५ (पाँच) वर्षको हुनेछ ।
४) स्वीकृत बोलपत्र दाताले प्रत्येक ६ महिनाको भाडा अग्रिम रुपमा प्रथम महिनाभित्र बुझाउनुपर्ने छ । त्यस पछिका महिनाभित्र बुझाएमा क्रमशः १० प्रतिशतका दरले अतिरिक्त शुल्क लाग्नेछ ।
५) दररेट केरमेट भएमा दरभाउपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ साथै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ ।
६) दरभाउपत्र दाताले सिलबन्दी दरभाउपत्र पेश गर्दा जमानत वापत कवोल अंकको १ महिनाको भाडा बराबरको रकम नेपाल राष्ट्र बैंक, पोखरा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल कोष धरौटी खाता नं. १३००१ मा जम्मा गरी सक्कलै बैंक भौचर दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ । दरभाउपत्र स्वीकृत भई सम्झौता गर्दा थप २ (दुई) महिनाको कवोल भाडा रकम उल्लेखित धरौटी खातामा दाखिला गर्नुपर्ने छ ।
७) प्राप्त दररेटहरु आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने, स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिको कायालयमै निहीत रहने छ ।
८) आफूले कवोल गरेको न्यूनतम एक वर्ष भाडा बराबरको रकम एक वर्षको बैंक ग्यारेन्टी संलग्न राख्नुपर्ने छ । साथै न्यूनतम तीन महिना अगावै उक्त रकम बराबरको बैंक ग्यारेन्टी नवीकरण गर्नुपर्नेछ । नविकरण नगरेमा सम्झौता रद्द गर्न सकिनेछ ।
९) माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरुमा प्रचलित नियम अनुसार हुनेछ ।

**तपसिलः**

| क्र.स. | सटर र कोठाको विवरण | कि.न. | न्यूनतम भाडा रकम | दरभाउपत्र शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुस्ताङचोकबाट राष्ट्र बैंकतिर जाने मुख्य बाटोको दक्षिणतर्फ क्षे.फ. २३४८.९५ मध्येमा बनेको १२ वटा सटर र पहिलो तलामा ६ कोठा सहितको भवन | २० | रु.१,९४,६३४ । मासिक | रु. १०००। | |

## सम्पादकीय

# ‘पुतली बाजे’ को मान

५४ वर्षअघि बेलायतबाट नेपाल आएका कोलिन स्मिथ अझै नेपालमा बसिरहेका छन् । बुढ्यौलीका दिन गुजार्दै गर्दा उनमा एउटै धोको थियो, नेपाली नागरिक भएर मर्ने । यस्तो धोको पालेको २५ वर्षअघिदेखि नै हो । तर उनले नागरिकता पाउन सकेनन् । नेपालमा १५ वर्ष बसेको, नेपालीमा बोल्न र लेखपढ गर्न सक्ने भए विदेशीले पनि नेपाली अंगिकृत नागरिकता पाउन सक्ने व्यवस्था हुँदा पनि उनले पाएनन् ।

ढिलै भए पनि नेपाल सरकारले उनलाई खुसी दिएको छ–मानार्थ नागरिकता उपलब्ध गराउने निर्णय गरेर । कात्तिक २९ गतेको मन्त्रिपरिषदले स्मिथलाई मानार्थ नागरिकता दिने निर्णय गरेको छ । नेपालमा लामो बस्नु, नेपाली भाषा बोल्न र लेख्न जान्नुमात्रै कोलिन स्मिथका विशेषता होइनन् ।

उनले नेपाललाई धेरै ठूलो गुन लगाएका छन् । पुतलीको खोज र अनुसन्धानमा उनको जति योगदान नेपालमा अरु कसैको छैन । अंगिकृत नागरिकता त सामान्य नागरिकता भइगयो । उनले खोजेको पनि त्यस्तै नागरिकता थियो । तर सरकारले १ कमद अघि बढेर मानार्थ नागरिकता दिने निर्णय गर्‍यो । यो उनको वास्तवमै मानसम्मान हो ।

यसले उनको मात्रै होइन नेपाललाई गुन लगाउने हितैषीलाई यो देश सम्मान गर्न जान्छ भन्ने संस्कारको परिचय हो । हामी कृतज्ञ संस्कृतिका धनी हौं भन्ने कुराको प्रमाण हो । सबैभन्दा पहिला न्युजिल्यान्डका नागरिक सगरमाथा आरोही एडमन्ड हिलारीलाई नेपाल सरकारले मानार्थ नागरिकता दिएको थियो । नेपाली नागरिक तेन्जिङ शेर्पा र उनको आरोहणकै कारण सगरमाथा अझै विश्वभर चिनिएको थियो, नेपाल चिनिएको थियो । नेपालमा पर्यटन र पर्वतीय पर्यटन विकासमा त्यो आरोहण ठूलो कोसेढुंगा साबित भएको थियो ।

नेपालमा कतिथरी पुतली पाइन्छन् भन्ने ठोस अनुसन्धान कोलिन स्मिथले गरेका हुन् । ६६० प्रजातिमध्ये ९० प्रतिशत जति संकलन गरिवरी संग्रहालय नै पनि बनाएका छन् । पोखराको पृथ्वीनारायण क्याम्पसभित्रको पुतली संग्रहालय उनैको देन हो । थुप्रै वैज्ञानिक अनुसन्धानमूलक आलेख प्रकाशित गरेर नेपाल र नेपालका पुतलीको बारेमा विश्वलाई जानकारी दिने काम उनैको हो । तसर्थ नै कोलिन स्मिथलाई उनको वास्तविक नामभन्दा ज्यादा पुतली बाजेका नामले धेरैले चिन्छन् । त्यो नाम नै उनीप्रतिको सम्मान थियो । जनस्तरबाट त्यस्तो सम्बोधन हुँदै आएकोमा अहिले भने राज्यले नै उनको योगदानमाथि सम्बोधन गरेको छ । देशलाई गुन लगाउनेको सम्मान अनेक विभूषण र पुरस्कारले मात्रै हुँदैन । त्यसभन्दा माथिको सम्मान भनेको नै कोलिनलाई गरिभैं अर्पण गरिने सम्मान हो ।

नागरिकता ऐन, २०६३ ले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई सरकारले सम्मानार्थ नागरिकता प्रदान गर्न सक्ने व्यवस्था गरेको छ । यही व्यवस्थामा टेकेर सरकारले स्मिथलाई मानार्थ नागरिकता प्रदान गरेको छ । कोलिन फिलिप स्थिम अहिले पोखराको सराङ्कोटमा बस्दै आएका छन् । भावनात्मक नाता जोडिएको एउटा परिवार उनको सहारा बनेको छ । ८३ वर्षका उनको दैनिकी कष्टकर जस्तै छ । आवश्यक परे औषधोपचार र अरु सहयोग पनि उपलब्ध गराउने सरकारी प्रयास भइदिए उनीमाथि अझै सम्मान हुने थियो ।

# प्रचण्डले उठाएको अर्को जोखिम



## विष्णु रिजाल

**विगतको पाठ अब नसिक्ने हो भने भविष्यले नराम्रोसँग झापड हान्छ भन्ने महसुस नेकपाको नेतृत्व पंक्तिमा भएको पाइन्छ**

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सचिवालयको ४ मंसिरको बैठकले गरेका २ निर्णयले राष्ट्रिय राजनीति तरंगित बनेको छ । नेकपाका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले ५ वर्ष सरकारको नेतृत्व गर्ने र अर्का अध्यक्ष पुष्पकमल दाहाल पार्टीमा कार्यकारी अधिकारसहित केन्द्रित हुने निर्णयका पछाडि नेकपाभित्रको शक्ति सन्तुलन, नेताको आकांक्षा र मुलुकको राजनीतिक स्थायित्व जोडिएको छ ।

पार्टी एकता घोषणाको डेढ वर्ष बितिसक्दा पनि व्यावहारिक र सांगठनिक रूपमा अझै १ भइनसकेको नेकपामा यो कार्य विभाजनपछि शक्ति सन्तुलनले नयाँ आकार लिन र त्यसकै आधारमा समीकरण बन्ने र भत्किने प्रक्रिया चल्न सक्छ । शीर्ष नेताका आशय र योजना भिन्नाभिन्नै भए पनि आमरूपमा नेकपाको निर्णयले मुलुकलाई राजनीतिक स्थायित्व सहित बलियो नेतृत्व दिने विश्वास जगाएको छ ।

**राजनीतिक स्थायित्व**

२००७ सालको परिवर्तन यताको ७ दशकलाई केलाउँदा राजनीतिक अस्थिरता नै मुलुकको प्रमुख समस्या देखिन्छ । दलीय व्यवस्थामा बहुमत पाएर ५ वर्ष शासन चलाउन नसक्नुमा दलभित्रका द्वन्द्व, समीकरण र स्वार्थको व्यवस्थापन गर्न नसक्नुलाई कारण मान्न सकिए पनि निर्दलीय राजतन्त्रकालमा सरकार ५ वर्ष चलेको उदाहरण छैन । उदार र खुला भनेर प्रचार गरिएका राजा वीरेन्द्रको शासनकालमा पनि कुनै प्रधानमन्त्रीले २ वर्षभन्दा लामो समय सरकार चलाउन पाएनन् । बहुदलपछि २ पटक सुविधाजनक बहुमत पाएको नेपाली कांग्रेसले राजनीतिक स्थिरता दिन नसकेकै कारण मुलुक समस्यामा जकडियो । सरकार परिवर्तनको अविराम खेल चलिरहेको अवस्थामा २०७४ सालको आम निर्वाचनमा गठबन्धन गरेर चुनाव लडेका तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रले राजनीतिक स्थिरतालाई मूल नारा बनाएका थिए । २ कम्युनिष्ट पार्टीको सांगठनिक बल, शेरबहादुर देउवा नेतृत्वको सरकारको अक्षमता र समग्र रूपमा कांग्रेसले गुमाउँदै गएको सान्दर्भिकता जस्ता विषय कम महत्वपूर्ण त थिएनन्, तर जनतालाई सीधै छुने विषय थियो- राजनीतिक स्थिरता ।

यस पृष्ठभूमिमा नेकपाले २ तिहाइ मत हासिल गरेपछि मुलुकमा राजनीतिक स्थिरता भएन भने क्षतिको भागिदार उक्त दल र त्यसका नेता मात्र होइन, राष्ट्र नै हुने हो । तर, राजनीति भावनामा नभई यथार्थमा चल्छ र कठोर हुन्छ । पार्टी एकतापछि शक्ति बाँडफाँड गर्दा सरकार प्राथमिकतामा पर्ने नै भयो । २ अध्यक्षबीच आलोपालो प्रधानमन्त्री बन्ने सहमति हुँदा नेकपा ‘कान चिरेकै जोगी’ चित्रित भइरहेको थियो । यो स्थिति चिर्दै सरकारको नेतृत्व ५ वर्ष केपी ओलीले गर्ने निर्णयले नेकपाका नेताको नेतृत्व क्षमता र आफ्नै घोषणापत्रप्रतिको जिम्मेवारी प्रदर्शन गरेको छ । ३ जेठ २०७५ मा २ पार्टीबीच एकता घोषणा हुनुभन्दा १ दिनअघि दोस्रो पुस्ताका २ नेता (विष्णु पौडेल र जनार्दन शर्मा) को रोहवरमा केपी ओली र पुष्पकमल दाहालबीच सरकार आधा-आधा कार्यकाल चलाउने सहमति भएको थियो ।

उक्त सहमति तत्कालीन बाध्यता र शक्ति सन्तुलनको उपज भएकोले प्रश्न उठाउन सकिंदैनथ्यो । किनभने, एउटा पार्टीको बहुमत नभएर २ मिल्दा शक्ति बाँडफाँडको स्वरूप अन्यत्र पनि त्यस्तै हुन्छ । एउटै मोर्चा बनाए पनि अलग-अलग हैसियतमा चुनाव लडेका २ पार्टी १ नहुँदै सबै कुरा टुंगो लगाउन सम्भव पनि थिएन । त्यसैले शक्ति बाँडफाँडको मोडल अगाडि सारेर पार्टी एकता गर्ने र बाँकी निर्णय एकीकृत पार्टीबाट गराउने सम्झैता व्यावहारिक रूपमा उपयुक्त भएकाले त्यसलाई सबैले सहज रूपमा लिएका थिए ।

बीच-बीचमा उत्पन्न राजनीतिक गतिरोधले प्रश्न उठ्न थालेपछि प्रधानमन्त्री ओलीको ध्यान पार्टीभन्दा सरकारको भविष्यमाथि केन्द्रित रहेको उनको व्यवहारले देखाउँदै आएको थियो ।

अध्यक्ष दाहाल र वरिष्ठ नेता माधवकुमार नेपालबीचको सम्भावित समीकरणको त्रासदेखि दाहालको विदेश भ्रमणसँग समेत झस्किनुमा ओलीको यही मनोविज्ञान प्रमुख थियो । ५ वर्ष नै सरकार हाँक्ने निर्णय भएपछि ओलीलाई अब आफ्नो काममा केन्द्रित हुन सहज भएको छ । विकासका न्यूनतम पूर्वाधारमध्ये राजनीतिक स्थिरता १ हो । निर्वाचनपछि बलियो सरकार बनेका कारण कतिपय सूचकांक स्वत: सकारात्मक बन्दै आएका छन् भने कतिपय सरकारले नीतिगत निरन्तरता दिन सकेका कारण प्रगति उन्मुख छन् ।

विकासका लागि बलियो राजनीतिक नेतृत्व नभई हुँदैन भन्ने त यसअघिका असफलताले प्रमाणित गरिसकेका छन् । बहुदलीय व्यवस्था पुन:स्थापनापछि मुलुकको कार्यकारी प्रमुख बन्ने अवसर पाउँदा गिरिजाप्रसाद कोइरालाले उपयोग गर्न सकेनन् र स्वयम् राजनीतिक अस्थिरताको कारक बनेर बिदा भए ।

आफ्नै पार्टीका कृष्णप्रसाद भट्टराई र शेरबहादुर देउवाको सरकार लामो समय टिकेको देख्न नचाहने उनको प्रवृत्तिको शिकार कांग्रेस मात्र भएन, सिंगो मुलुक भयो । पार्टीभित्रको द्वन्द्वबाट तत्कालीन एमाले पनि ओभानो छैन । माधवकुमार नेपालले नेतृत्व गरेको सरकार विरुद्ध सबभन्दा बढी छटपटी आफ्नै पार्टीका अध्यक्षलाई थियो । यस्तै, पछि झलनाथ खनालको सरकार ६ महिनामै ढल्दा ताली पिट्ने एमालेमै बढी थिए ।

विगतको पाठ अब नसिक्ने हो भने भविष्यले नराम्रोसँग झापड हान्छ भन्ने महसुस नेकपाको नेतृत्व पंक्तिमा भएको पाइन्छ । फेरि, जतिसुकै शक्तिशाली भए पनि एक व्यक्ति सधैंभरि सत्तामा रहिरहने पनि होइन । तर, कुशल नेतृत्वबाट पार्टीले प्राप्त गर्ने राजनीतिक लाभ दीर्घकालीन हुन्छ । प्रधानमन्त्री ओलीले ५ वर्ष सरकार चलाउने विषयमा यही मान्यता लागू हुन्छ । प्रम ओलीको नेतृत्वमा ५ वर्ष सरकार चलाएर निर्वाचनमा जाँदा नेकपाका नेता-कार्यकर्ताको मनोबल उच्च हुनेछ ।

राजनीतिक स्थिरताको आफ्नो चुनावी नारालाई जनताले पत्याएका कारण ५ वर्ष स्थिर सरकार दियौं र अब दिन्छौं भन्दै जनतासँग मत माग्ने राजनीतिक आधार बन्नासाथ चुनावी माहोलले अर्कै मोड लिन्छ । मुलुकले आर्थिक रूपमा एउटा लय समात्न लागेको छ । एउटै सरकार पाँच वर्ष रहँदा केही परिणाममुखी र दीर्घकालीन महत्वका काम अवश्य हुन्छन् । विकास निर्माणका केही ठूला परियोजना टुंगोमा पुग्छन् । यी सबै पाटा संयोजन गरेर जनतामाझ जाँदा परिपक्व र नेतृत्वदायी पार्टीका रूपमा नेकपाको छवि आजभन्दा बढी ओजपूर्ण हुन्छ । कुरा यत्ति हो, सरकार चलाउँदा पार्टी, पार्टीभित्रका संवेदनशीलता र बढीभन्दा बढी संस्थागत संलग्नता आवश्यक हुन्छ । सबै नेताले जुन विश्वास गरेर ओलीलाई सत्तामा ५ वर्ष निरन्तरता दिने निर्णय गरेका छन्, ती सबैलाई उनले कति विश्वासमा लिन सक्छन् भन्नेमा सरकारको प्रभावकारिता निर्भर हुन्छ ।

**कार्यकारी अध्यक्ष: संस्थागत र सक्रिय पार्टी**

नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालले कार्यकारी अधिकारसहित पार्टी चलाउने जिम्मेवारी पाएसँगै पार्टी सक्रिय हुने अपेक्षा बढेको छ । नेताबीचको खिचातानी, जोडघटाउ र अविश्वासले एकताको डेढ वर्षपछि पनि नेकपा वास्तविक पार्टीका रूपमा चल्न सकेको छैन, २ पूर्वघटकको मोर्चामै सीमित छ । नेताले भेटघाट र छलफल गर्ने पंक्ति पुरानै घटकका छन्, अवसर दिंदा तिनैलाई आधार बनाइएको छ । २ अध्यक्षले बैठकको संयुक्त अध्यक्षता गर्ने वैधानिक प्रावधान भएपछि वरियतामा १ नम्बर र मुलुकको कार्यकारी प्रमुख भएका कारण यसबीचमा ओली नै पार्टीमा हावी देखिए । संस्थागत परिपाटी लगभग अन्त्य भयो, कमिटीका बैठक आवश्यक भएनन् र ‘२ अध्यक्षबीच’ भन्ने गैरकम्युनिस्ट प्रणालीबाट चलाउन खोजियो ।

दाहालले कार्यकारी अधिकार पाएसँगै नेकपाको सांगठनिक जीवनका लागि प्रतिकूल व्यवहारबाट पार्टी मुक्त हुने आश बढेको छ । यद्यपि, कमिटी प्रणाली र पार्टीको वैधानिक संरचना मार्फत सामूहिक रूपमा काम गर्ने भन्दा ‘२ अध्यक्षबीच सहमतिका आधारमा’ काम गर्ने व्यक्ति केन्द्रित सोच हटिसक्यो भन्ने होइन ।

यसमा सुधार ल्याएर पार्टीलाई संस्थागत रूपमा चलाउन दाहालले कति भूमिका निर्वाह गर्न सक्छन्, उनको कार्यकारी नेतृत्वको परीक्षण सुरू भएको छ । नाम र आकारमा ठूलो भए पनि नेकपा व्यावहारिक रूपमा निष्क्रिय छ । पार्टी एकताकै दिन घोषणा गरिएको केन्द्रीय कमिटीको औपचारिक बैठक अहिलेसम्म बसेको छैन । ४ महिनामा बस्ने भनिएको स्थायी कमिटीको बैठक नबसेको १ वर्ष भइसकेको छ । विधानमा व्यवस्था भएको पोलिटब्यूरो गठन नै भएको छैन । नेताबीच जोडघटाउ हुँदा विधान विपरीतका कार्यले पार्टी प्रणाली, विधान र अभ्यासलाई कमजोर बनाएको छ । पार्टीका बैठक भइहाले पनि सरकारी निवासमा हुने र ती औपचारिकतामा सीमित रहने अभ्यास हटाउनैपर्छ । अध्यक्ष दाहालले प्राप्त गरेको कार्यकारी अधिकार प्रयोग गरेर पार्टीको केन्द्र पार्टी कार्यालयलाई बनाउनुपर्छ । यति मात्रै हुँदा पनि पार्टीमा बेग्लै वातावरण सिर्जना हुन्छ ।

अध्यक्ष दाहालले राजनीतिमा एकपछि अर्को जोखिम उठाउने गरेका छन् । लचकताका नाममा आफ्नो व्यक्तित्व क्षयीकरण भइरहेको ठानेर होला, यतिवेला पनि उनले ठूलै जोखिम उठाएका छन् ।



२०७४ सालमा निर्वाचनलगत्तै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले बालुवाटारमै बोलाएर ‘५ वर्ष प्रधानमन्त्री हुनका लागि लेखेर दिने’ आग्रह दाहालले स्वीकारेको भए पार्टी एकता नै हुने थिएन । ‘ओलीले तपाईंलाई धोका दिन्छन्’ भन्ने रटान सुन्दासुन्दा वाक्क भएका दाहालले यतिखेर फेरि अर्को त्याग देखाएका छन् । किनभने, प्रधानमन्त्री पद उनका लागि न हिजो टाढा थियो, न आज । पार्टी एकताका बेला २ अध्यक्षबीच भएको सहमति अनुसार नै आउँदो वर्षको साउन-भदौतिर सरकार परिवर्तनको स्वाभाविक बहस सुरू हुन्थ्यो । पूर्वएमाले समूहमा बढेको तिक्तता दाहालका लागि अनुकूल नै थियो । यी सबैका बावजूद उनले पाँच वर्ष ओलीकै नेतृत्वमा सरकार चल्न दिने जुन सहमति गरे, यसबाट पार्टीमा आफ्नो बढी भूमिकाको अपेक्षा गर्नु स्वाभाविक छ ।

नेकपासँग नेता-कार्यकर्ताको ठूलो सञ्जाल छ । देशभर स्थानीय र प्रदेश सरकार छन्, धेरैजसो नेता-कार्यकर्ता जनप्रतिनिधि छन् । एउटा पार्टीका लागि यो निकै महत्वपूर्ण र निर्णायक अवसर हो । निर्वाचनबाट अनुमोदन पाएर जनहितमा केन्द्रित भएन र प्रत्युत्पादक हुनेबारे समयमै ध्यान दिन सकिएन भने पछुताउनुपर्ने हुन्छ ।

अहिले मुख्य नेताको ध्यान केन्द्रको सरकारमा छ । यसलाई त घच्घच्याउन सकिन्छ, आलोचना भएसँगै सच्याउने काम पनि भइरहेको छ । तर, प्रदेश र स्थानीय सरकारले के गरिरहेका छन् भन्नेतर्फ नेतृत्वको ध्यान पुगेको छैन, जबकि जनताले तत्कालै देख्ने सरकार तिनै हुन् । स्थानीय तहमा पार्टी कमिटी क्रियाशील नहुँदा निर्वाचित जनप्रतिनिधिले कसैप्रति उत्तरदायी हुनुपरेको छैन । यो स्थितिलाई नियन्त्रण गर्दै व्यक्तिभन्दा पार्टी माथि रहेको व्यवहारमै देखाउन नेतृत्व तहबाट कार्ययोजना बनाएर लागू गर्न ढिलो भइसकेको छ ।

एकीकरणका बाँकी काम छिटो पूरा गर्ने, केन्द्रदेखि स्थानीय तहसम्मका सरकारलाई पार्टीसँग जोड्ने र एकतापछि निष्क्रिय भएका नेता-कार्यकर्तालाई सक्रिय बनाउने काममा अध्यक्ष दाहालले अर्का अध्यक्ष ओली र अन्य नेताको सहयोग लिएर प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । सत्तारुढ पार्टी भएका कारण नेकपाभित्र हुने सानो निर्णयबाट पनि मुलुक प्रभावित हुन्छ । सरकार र पार्टी नेतृत्व जस्ता गहन विषयमा भएका पछिल्ला निर्णयका विविध आयाम समयक्रममा देखिंदै जालान्, तत्कालका लागि भने कार्य विभाजनको निर्णयले राजनीतिक स्थिरता, परिपक्वता र संस्कारको नयाँ सन्देश दिएको छ । हिमाल खबर डटकम

नीतिकथा

## इसप

इसप युनान (ग्रिस) देशमा जन्मेका थिए । उनको जन्म झण्डै २६ सय वर्षअघि इसापूर्व ६२० मा भएको थियो । त्यस बेला ग्रिसमा दास प्रथा थियो । इसप पनि दास थिए । उनले पालैपालो २ जना मालिकको घरमा काम गरेका थिए । उनको साहित्यमा रुचि र विद्वत्ता देखेर दोस्रो मालिकले इसपलाई दासबाट मुक्ति दिएका थिए ।

त्यसबेला ग्रिसमा गणतन्त्र थियो । नागरिक सार्वजनिक विषयमा भाग लिन स्वतन्त्र थिए । इसपले पनि यस्तै सार्वजनिक चासोका सभाको उपयोग गरेर दासको जीवनबाट सम्मानित जीवन पाउन सफल भएका थिए । उनले छिमेकी देश घुमे । उनले त्यसबेलाका दार्शनिक र विद्या र कलाको सम्मान गर्ने व्यक्तिसँग भेटने सभा र वादविवादमा भागलिने अवसर पाए र सम्मानित भए । त्यस बेला ग्रिस धेरै गणतन्त्रमा बाँडिएको थियो ।

इसप प्राय: सबै गणतन्त्रमा घुमिरहन्थे । उनलाई उच्चस्तरको राजकीय कामको जिम्मा पनि दिइन्थ्यो । यस्तो काम अहिलेको राजदूतको जस्तो हुन्थ्यो । १ पटक उनलाई डेल्फीमा गएर त्यहाँका नागरिकलाई पैसा बाँडने जिम्मा दिइयो । यो कामले उनलाई मृत्युको मुखमा पुर्‍यायो । डेल्फीका मानिसको लोभीपन देखेर इसपलाई यति रिस उठ्यो कि उसले आफूले ल्याएको असर्फी नबाँडिकन त्यसको मालिकलाई नै फर्काइदिए । यो घटनाले डेल्फीबासी उग्र भए । उनीहरूले इसपमाथि निर्दयी भएको आरोप लगाए । उनको राजदूतको हैसियतको बाबजुद पनि डेल्फीवासीले उनलाई सामान्य नागरिक सरह मृत्युदण्ड दिए ।

यो जघन्य अपराधको डेल्फीवासीले धेरै पटक र ठूलो मोल चुकाउनु पर्‍यो । इसपको हत्या गर्नेले भोग्नु परेको दुःखबाट अपराधीले सजाय पाएरै छोड्छ भन्ने भनाइ प्रचलित भयो । मृत्युपछि पनि इसपको सम्मान भयो । महान् मूर्तिकार लिसिपसले उनको मूर्ति बनाए र एथेन्समा त्यसको स्थापना गरियो ।

इसपका बारेमा धेरै खालका किंवदन्ती प्रचलित छन् । कोही उनलाई दास होइन विद्वान् दार्शनिक मान्छन् । उनका कथा पढ्दा उनी पशुपंछीको भाषा बुझ्न सक्थे भन्ने लाग्छ ।

तर मानिसलाई शिक्षा दिनका लागि पशुलाई पात्र बनाएर उनले रचेका कथा साह्रै घत लाग्दा छन् । रचनाकालदेखि यी कथाले संसारभरिका मानिसलाई मनोरंजन र ज्ञान दिइरहेका छन् । इसपका नीति कथा भनेर विश्वमा सैयौं कथा प्रचलित छन् । कैयन कथा एकअर्कासँग मिल्छन् । विभिन्न देश र समुदायमा एउटै कथाका पनि बेग्लाबेग्दै रूप र उपदेश पाइन्छ । कसैकसैले विभिन्न देशका लोक कथा पनि इसपको नामसँग जोडिँदै उनकै कथाको रूपमा प्रचलित भयो भनेका छन् । कतिपय साहित्यकारले इसपका नीति कथाको आधारमा आफ्नै परिवेशमा ढालेर कथा रचेका छन् ।

**समाधान**
**राष्ट्रिय दैनिकमा लेख, रचना र सुझावका लागि**
article.samadhan@gmail.com

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायन, हेमन्तर्तुः, परिधावी नाम संवत्सर, श्रीशाके १९४१, सम्वत २०७६ साल मंसिर १० गते मंगलबार नेपाल सम्बत ११४० कछलागा तदनुसार सन् २०१९ नोभेम्बर २६ तारिक कृष्णपक्ष औसी तिथि राती ९ वजेसम्म, विशखा नक्षत्र विहान १० वजेर १७ मिनेटसम्म, अतिगण्डयोग, चतुष्पदकरण, आनन्दादियोग श्रीवत्स, सूर्य वृश्चिक राशीमा, चन्द्रमा पनि वृश्चिक राशीमा ।

जिज्ञासाको लागि : ९८५६०२६३९७
gurupatrakar@gmail.com

## आजको शुभाशुभ

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
काम गर्नु छ भने ढिला सुस्ति नगर्नु होला आफैलाई घाटा हुनेछ । उद्योग धन्दा बन्द व्यापारबाट आय बढ्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
व्यापार व्यवसायमा क्रमिक सुधार आउनेछ । आम्दानीका स्रोत बढ्ने छन् । मनोबल उच्च गरेर काम गर्नु होला । राजनीतिमा चासो लिएर कुनै काम हुने छैन ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
कुनै काम समयमा गर्न सकिएन भने अरुले अधिकार जमाउने छन् । आर्थिक कारोवारमा समस्या आउन सक्छ । मन अस्थिर हुनेछ, स्थिर भएर काम गर्नु होला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डू,डे,डो)
काम गर्दा विभिन्न समस्या झेल्नु पर्ला । इज्जत प्रतिष्ठामा आच आउन सक्छ सतर्क रहनु होला । घर छोडेर बाहिर जान मन लाग्ने छैन ।

**सिंह** (मा.मी,मू,मे,मो,टा,टी,ट्र,टे)
उद्योग, पराक्रम घट्ने छैन । व्यापार व्यवसायबाट सामान्य लाभ हुनेछ । अर्थोपार्जन राम्रै होला ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
आर्थिक कुराले बढि पिरोल्नेछ । ऋण लगानी गर्दा विचार पुऱ्याउनु होला । मुखको सल्लाहा सहयोग धेरै पाईनेछ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते)
दिन अनुकुल नै देखिन्छ काममा विलम्ब नगर्नु होला । भोग विलासिता कम ध्यान दिनु होला नत्र उपलब्धिका काम गुम्नेछन ।

**वृश्चिक** (नो,ना,नी,नू,ने,नो,या,यी,यू)
विवादित काममा हात नहाल्नु होला,अनावस्यक दोष लाग्न सक्छ । अरुको काम गरेर जश कमै पाईनेछ ।

**धनु** (ये,यो,भा,भि,भू,धा,फा,ढ,भे)
समयमा प्रयास गरेमा उधारो रकम उठाउन सकिनेछ । आर्थिक कारोवारमा चनाखो रहनु होला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
परिस्थितिले साथ दिनेछ । नयाँ कामको अनुभव बटुल्न पाईनेछ । विरोधी कमजोर बन्ने छन् । जीवन साथीको सहयोग लिएर अगाडि बढ्नु होला ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा)
अरुको कल्याणमा आफ्नो भविष्य नदेख्नु होला । विना सोच विचार गरेका कामबाट हानी नोक्सानी हुन सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
समयले कम साथ दिनेछ । इज्जत प्रतिष्ठामा आच आउन सक्छ,सर्तक रहनु होला । सन्तानको विषयलाई लिएर बढि चिन्ता हुनेछ ।

## समाधान सञ्जाल



**नारायणकाजी श्रेष्ठ**
twitter.com/nksthaprakash
भारतले नेपालको सीमा मिचेर बनाएको नक्साका बारेमा प्रम ओली माथि आरोपित गर्दै पूर्व प्रम देउवाले पोखरामा बोलेको कुराको जति निन्दा र भर्त्सना गरेपनि कम हुन्छ । तात्कलिक तुच्छ स्वार्थ (चुनाव) का लागि राष्ट्रियता जस्तो संवेदनशील विषयमा यसरी जथाभावी बोल्नु घातक र अक्षम्य छ । अझै चेतेनन् ।



**सूर्यराज आचार्य**
twitter.com/SuryaRAcharya
राजनीतिको शीर्ष तहमा रहेका पुराना दलका नेताका व्यवहार र अभिव्यक्तिमा राज्य सञ्चालनका न्यूनतम मूल्य, मान्यता, मर्यादा र सीप प्रतिबिम्बित नभएको यथार्थ हो । नेकां सभापतिको भारतीय गलत नक्सा बारेको पछिल्लो अभिव्यक्ति त्यसैको निरन्तरता मात्र हो । चल्तीको राजनीतिको शैली फेर्न ढिला नगरौं ।



**बडा काजी**
twitter.com/badakaji
ओलीको सल्लाहमा भारतले आफ्नो नक्सा जारी गरेको भनेर शेबदेले दिएको अभिव्यक्ति सुन्दा सामान्य लागे पनि यो निकै गम्भिर छ । यो देशको ४ पटक प्रम भएको व्यक्तिले यसो भन्नुको अर्थ के हो ? अथेन्टिक सुचना हो भने जनता माझ प्रष्ट पार्न जरुरी छ । हैन भने देउवा जी ले आफ्नो भनाई सच्याउनु पर्छ ।



**दीपेन्द्र बिष्ट**
twitter.com/rock_7up
जसले जेसुकै भनोस् सिके राउतले काठमाडौंमा उठाएको गरेको रंगभेद विरुद्धको मुद्दामा म चाहिं खुलेर समर्थन गर्छु । किनकि हाम्रो सोचमा रंगभेद गाडिएर बसेको छ । हामी दार्जिलिङ तिरका भारतीयलाई सम्मान गरी बोलाउँछौ । तर मधेसका नेपालीलाई भारतीय भन्दै भैया भेले जस्ता तुच्छ शब्द प्रयोग गर्छौं ।



**राज गुरुङ**
facebook.com/raj.gurung.750
निर्वाचनको मुखमा आएर फिर्केखोला, सेती नदी, बसपार्क, फेवाताल सुकुम्वासीको कुरा निकालेर झुटको आश्वासन नबांढौं । तिमीहरुले केही गर्नेवाला छैनौ । बरु यत्तिक्कै छाडिदिए भावी पुस्ताले पर्यटक झुम्ने ठाउँ बनाउने छ ।



**राजेश गुरुङ राजु**
facebook.com/rajeshgurung.pkr
मन्त्रीमण्डल पुनर्गठनपछि पदमुक्त हुनु भएका गोकर्ण बिस्टले 'सरकारी गाडी' परित्याग गरि साधारण 'ट्याक्सी'मा घर फर्किएको तस्बिर केही समाचारमा आएका छन् । अब हेरौ ! हामी नेपालीहरु फलानो देशको मन्त्री घर फर्किदा यसरी साइकलमा चढेर फर्किए रे । खुट्टाले हिडेर फर्किए रे नि भन्दै ज्योतिषीले झैं संसारका सबै थाहा पाउनेले यो कुरालाइ थाहा पाए पनि वाह ! क्या राम्रो हाम्रै नेपालको मन्त्री भन्दै सामाजिक सञ्जालमा पोस्ट्याउने हिम्मत राख्ला कि नराख्ला है ! जान्न मन लाग्यो । मन्त्री लालबाबु पण्डितले साइकल चढ्यो भनेर कुरा काट्नेहरु पनि हामी नेपालीहरु नै हुन् नि ! हरे ! नेपाली मनस्थिति !



**सुरेश ढकाल**
twitter.com/suracedhakal
बिहानले दिनको संकेत गर्छ । यो उहिलेको कुरा भयो, आजकाल त बिहानहरु आफैं भ्रममा छन्, जसरी सारा दुनियाँको भविष्य बताउने ज्योतिषीलाई आफ्नै भविष्य को बारेमा थाहा हुँदैन । सत्य शुभ दिनको शुभकामना मात्र हो, जसले केवल काममा मात्र गर्न सक्छ ।

# पुतली बाजेको नेपाली सपना

**नेपालमा पाइने ६ सय ६० प्रजातिका पुतलीमध्ये ९० प्रतिशत पुतली उनले संग्रह गरेका छन् । उनी निसाचार पुतली (मोथ) र गाइने किरामासमेत रुचि राख्छन्**







राजु आचार्य

गत वर्ष पोखराको विन्दवासिनी मन्दिर छेउबाट आफ्नो घरतिर जाँदै थिए । यिनको हिँडाई कछुवाको चालभन्दा पनि सुस्त थियो । लामा गाउँमा रहेको सानो टिनले छाएको घर पुग्न यिनलाई घण्टौं लाग्ने गर्थ्यो । रोगले शरीर थङथिलो बनाएको थियो । सबैले आस मारिसकेका थिए ।

८३ वर्षीय वृद्धको पूरा नाम 'कोलिन फिलिप स्मिथ' हो । तर उनलाई सबैले पुतली बाजे भनेर चिन्छन् । नेपालको धेरै ठाउँ घुमेका पुतली बाजेको त्यो हिँडाई संरक्षणकर्मीलाई दुःखी बनाउने खालको थियो ।

आत्मबल बलियो थियो उनको । दैनिक हिँड्न छोडेनन् । औषधीले पनि काम गर्‍यो । बिस्तारै उनको सुस्त हिँडाईमा प्रगति हुँदै गयो । उनलाई काम गर्ने ठाउँ उपलब्ध गराएर वर्षौंदेखि सहयोग गर्दै गरेको ' लिई वर्ड' मा केही महिना अघि फेरी देखा परे । त्यतिखेर उनी अलि अलि तंग्रिएका थिए ।

५ दशक लामो उनको नेपाल बसाई र उनले पुर्‍याएको योगदानको कदर गर्दै नेपाल सरकारले यही मंसिर ५ गते उनलाई मानार्थ नेपाली नागरिकता प्रदान गर्ने निर्णय गरेको छ । उनले छोटो प्रतिक्रिया दिए 'नेपाली भएर नेपालमा मर्ने सपना पनि पूरा हुने भयो । उनले भने 'एकदमै खुसी छु । सबैलाई धन्यवाद' ।

उनले प्रतिप्रश्न गरे 'नागरिकता कता दिन्छन् होला कुन्नि ? पोखरामा दिए सहज हुन्थ्यो !'

**के भन्छन् संरक्षणकर्मी ?**

पुतलीमा विद्यावारिधि गरेका प्राध्यापक भैया खनाल सरकारको निर्णयबाट असाध्यै खुसी थिए ।



© कोलीन स्मीथ

उनले भने, 'सरकारको यो निर्णयबाट म एकदम खुसी छु । म विद्यार्थी हुँदा उनले १९७० को दशकबाटै नेपालमा पुतलीको अनुसन्धान थालेका थिए । उनी साधारण तर मेहेनती मानिस हुन् ।'

खनालले थपे 'पुतली बाजे'ले संकलन गरेका पुतली त्रिभुवन विश्वविद्यालय अन्तर्गत 'प्राकृतिक विज्ञान संग्रहालय, पृथ्वीनारायण क्याम्पस तथा काठमाडौं विश्व विद्यालयमा राखिएका छन् ।'

प्राध्यापक करनबहादुर साहले फोनमा भने 'उनले नेपालमा पुतली अनुसन्धानको जग तयार पारेका छन् । पूर्व मेचीदेखि पश्चिम महाकाली, तराईदेखि हिमालसम्म आफैंले स्रोत जुटाएर काम गर्नु चानचुने कुरा हैन । यो सम्मानले उनी मात्र होइन, हामी पनि खुसी भएका छौं ।' पुतली विज्ञ सुरेन्द्र परियार २०४६ सालदेखि कोलिनको (पुतली बाजे) सम्पर्कमा रहेर संग्रहालय व्यवस्थापनको काम गरिरहेका छन् । व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका परियारले तिनै कोलिनबाट पुतलीबारे सिकेका हुन् । परियार २०५३ सालदेखि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, पोखरामा संग्रहालय सहायकको रूपमा कार्यरत छन् ।

परियार भन्छन् 'पोखराको नदीपुरस्थित निलगिरि टोलतिर यिनी आउँदा हामी पछि-पछि लाग्थ्यौं । २०४६ सालतिर मलाई पुतलीको बारेमा सिकाए र पृथ्वीनारायण क्याम्पसमा पुतली हेर्ने गरी जिम्मा लगाइदिए । अहिले पाएको नागरिकताले म खुसी छु । उनलाई नागरिकता दिएर सरकारले राम्रो काम गर्‍यो ।'

**नागरिकताको लागि गरिएको प्रयास**

करिब २५ वर्षअघि उनले पहिलोपटक नागरिकताको लागि प्रयास गरेका थिए । पहिलोपटक गरेको प्रयास पैसा मागेपछि रोकिएको उनी बताउँछन् ।

उनी निराश बनेका थिए । पछिल्लो समय उनी आफैंभन्दा पनि उनका शुभचिन्तक लागेका थिए । दोस्रो पटक पनि उनको फाइल जिल्लाबाट केन्द्र जाने क्रममा हरायो ।

विगत २ वर्षदेखिको प्रयासमा सबैको बल पुग्यो । यो अभियानमा स्थानीय निकाय, जिल्ला प्रशासन कार्यालय कास्की, पृथ्वीनारायण क्याम्पस, पोखरा, वन मन्त्रालय सबैको सहयोग रह्यो । पछिल्लो समयमा जापान बस्दै आउनु भएका कपिलदेव थापा, पोखराका सुनील उलक र सुरेन्द्र परियारको सक्रियता उल्लेखनीय रह्यो । पोखराका पत्रकार र संरक्षणकर्मीले पनि निरन्तर घच्घच्याउने काम गरी रहे । सामाजिक सञ्जालमा उनको समर्थनमा लेख्न छाडिएन । अहिलेको सरकारको निर्णयलाई संरक्षण क्षेत्रमा चौतर्फी प्रशंसा गरिएको छ ।

**को हुन् पुतली बाजे ?**

उनी बेलायतमा सन् १९३६ नोभेम्बर २४ मा जन्मेका हुन् । उनले इम्पेरिअल कलेजमा गणित विषयमा सन् १९५८/५९ मा स्नातक उत्तीर्ण गरेपछि करिब ४ वर्ष ग्लेस्गो विश्व विद्यालयमा गणित विषयको अध्यापन गराए ।

युनाइटेड मिसन टु नेपालले उहाँलाई सन् १९६६ मा पहिलोपल्ट नेपालमा पठाएको थियो । पोखरा, लामाचौरस्थित गण्डकी बोर्डिङ स्कुल लगाएतमा शिक्षण कार्य गरे । सोही क्रममा पृथ्वीनारायण क्याम्पसमा घुम्न आउँदा प्लाइउडमा फूल र चरा बनाइरहेकी डोरोथी मिरोसँग भेट भयो । डोरोथी मिरोले कलिनको पुतली संग्रहप्रतिको रुचि सुनिन् । उनले कोलिनलाई स्कुले जीवनमा पलाएको इच्छालाई पुर्नजीवित गर्न संग्रहालयमा पुतली संग्रह गर्न आग्रह गरिन् । डोरोथीको आग्रहले उनलाई संग्रह गर्न प्रेरित गर्‍यो ।

पोखरा, गोर्खा र काठमाडौंमा शिक्षण पेशा गर्दा फुर्सदको समयलाई सदुपयोग गर्दै ७ वर्षभन्दा बढी समय लगाएर पुतली संग्रह गरे । यही बेला उनले करिब १ वर्ष पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराई र स्व.डा.उपेन्द्र देवकोटालाई समेत गोरखामा पढाएका थिए । सन् १९७३ देखि त्रिभुवन विश्वविद्यालय काठमाडौंमा प्रकृति विज्ञान संग्रहालयको लागि कोलिन स्मिथले १० वर्षसम्म पुतली संग्रह गरे । संग्रहालय छोडेपछि पनि पुतली संग्रह र अध्ययनप्रतिको मोहलाई भने निरन्तरता दिइरहे ।

नेपालमा पाइने ६ सय ६० प्रजातिका पुतलीमध्ये ९० प्रतिशत पुतली उनले संग्रह गरेका छन् । उनी निसाचार पुतली (मोथ) र गाइने किरामासमेत रुचि राख्छन् । उनका ३० वटा जति वैज्ञानिक लेख र १० वटा जति पुस्तकले नेपालका पुतलीको विश्व व्यापी प्रचार भएको छ । नेपालको हिमाल, हावापानी, पुतली र विशेष गरी यहाँका मानिसको मायाले आफू बेलायत फर्कन उनी नसकेको बताउँछन् ।

**आइतबार उनको जन्म दिन !**

नेपालमा पुर्‍याएको योगदानको लागि उनलाई राष्ट्रले 'सम्मानार्थ नेपाली नागरिकता' दिएर सम्मान गरेको छ । हामी नेपाली 'अतिथि देवो भव' भन्दै पाहुनालाई सम्मान गर्नेमा पर्छौं । तर उनी यस्ता पाहुना बने, जसले आफ्नो क्षेत्रमा घरका सदस्यले भन्दा बढी योगदान यो देशलाई गरेका छन् । अझ भनौं विज्ञान र विश्वलाई पनि गरेका छन् । उनी लामो समय बाचुन् । हामी सबै नेपालीको तर्फबाट शुभकामना छ ! मन्त्रिपरिषदको निर्णय बुँदा नम्बर ८ मा उनको नागरिकता सम्बन्धमा उल्लेख छ । पहिलोपोस्ट डटकम


साईमन पार्टी प्यालेस
सृजनाचोक, पोखरा, फोन नं.: ०६१-५३९१०६
अत्यन्तै राम्रो व्यवस्थापनमा
वर्षौंदेखि गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको
साईमन पार्टी प्यालेस
यहाँ
विवाह, वर्तवन्ध, सभा, सम्मेलन, भोजभतेर, पास्नी, गोष्ठी, सेमिनार, बर्थडे पार्टी आदि विभिन्न पार्टीहरु साथै खान, बस्नको राम्रो सुविधा रहेको छ ।
हलको क्षमता:
१,000 जना- १ वटा ५00 जना-१ वटा, २00 जना- १ वटा १00 जना- १ वटा ५0 जना - १ वटा र अन्य मिटिङ हलहरू
साथमा सुविधा सम्पन्न होटल र रेष्टुरेण्ट पनि
अग्रीम बुकिङको लागि:
फोन नं.: 0६१-५३९१0६, ९८५६0२११६८, ९८५६0३४९१९, ९८५६0२१३७७
पार्किङको राम्रो सुविधा



फिल्मी संसार
QFX cinemas
POKHARA CINEPLEX
पोखराको पहिलो सुविधा सम्पन्न सिनेमा हल
NOW SHOWING
AMAZING DEAL EVERY TUESDAY
Only at Rs . 150 Per Ticket













**Cha Cha Hu I (PG)**- 15:15PM,
**Pagalpanti (PG)** - 12:00PM, 18:15PM, **3D: Frozen II (U)**- 12:30PM, 15:30PM, 18:30PM
061-522630/647 www.cineplex.qfxcinemas.com http://pokharacineplex.com Facebook Pokharacineplex



सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293



528009
खानेपानी चाहिएमा

# हार्दिक श्रद्धाञ्जली

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उप्पजित्वा निरूज्झन्ति तेसं वूपसमोसुखो 'ति ॥



**जन्म मिति:**
**वि.सं. १९८८/०८/०५**

**स्वर्गारोहण मिति:**
**वि.सं. २०७६/०७/३०**

## स्व. सुवर्ण साई

हाम्रा प्रातः स्मरणीय पत्नी, आमा, हजुरआमा **सुवर्ण साई**, ब्रह्मलिन हुनु भइ परमात्मामा लीन हुनु भएको आज १० औं दिनको पुण्यतिथिमा **हार्दिक श्रद्धासुमन** व्यक्त गर्दै उहाँको आत्माको चिरशान्तिका लागि ईश्वरसँग प्रार्थना गर्दछौं । उहाँले देखाउनु भएको आदर्शले हामीलाई सदैव मार्ग निर्देश गरिरहने छ । यसै शोकको घडीमा हामीप्रति विभिन्न माध्यमबाट सहानुभूति एवं समवेदना प्रकट गरी शव यात्रामा सहभागी हुनु भएर साथै भेटी प्रदान गर्नुहुने सम्पूर्ण परिवार तथा आफन्तजन, इष्टमित्र, बन्धुवान्धव, टोल, छिमेकी, संघ संस्थाहरुसहित व्यक्तिहरुमा हामी हाम्रो परिवारजनका तर्फबाट **हार्दिक आभार** व्यक्त गर्दछौं ।

**पति : दिलबहादुर साई**

**छोरा/बुहारी**
सोमबहादुर/शोभा साई
सुकबहदुर/कमला साई
विष्णुबहादुर/पुतली खड्गी
गोपाल/सीता साई
अशोक/वृन्दा गुरूङ (साई)

**छोरी/ज्वाइँ**
लक्ष्मी/मैतलाल गुरूङ
बुद्धिमाया/पन्नेलाल चौधरी
शोभा, रीना/मोहन झवाली
मिना/जीतबहादुर पौडेल क्षेत्री

**नाति/नातिनी बुहारी, नातिनी/नातिनी ज्वाइँ**
अर्विन/अञ्जु (लिम्बु) गुरूङ
सुदिन/पलिना दंगोल चौधरी
सविना/यण्डी सिज
सुनीता/अनील तिमिल्सिना
सलिना/आन्द्रेस
सीमा झवाली
प्रतीक्षा झवाली
जोसेफ झवाली
आशीष पौडेल क्षेत्री
अविषेक/सुस्मिता थापा मगर

**नाति/नातिनी/बुहारी/ज्वाइँ**
सन्तोष/सविना (थापा) साई
सुरेश/निर्मला साई
अमित/रञ्जु साई
आरती/दीपक साई
ममिता/विनोद साई
विनिता साई
मेलिना/रवि साई
राजकुमारी/प्रल्हाद देवकोटा
विवेक साई

**पनाति/पनातिनीहरू**
सभर साई, निसल साई
सन्भी साई, निष्मा साई
आसियान साई,
आर्यन साई
स्वेता साई,
एविलिन साई
प्राप्ती देवकोटा
प्रिन्सा देवकोटा
प्रिन्सीया चौधरी
आवाज गुरूङ

तथा

## समस्त साई परिवार, पोखरा-१, बागबजार

मितिः २०७६ मंसिर ९ गते सोमबार हुने शुद्धाशुद्धिमा सागरमा जानुहुने, भेटी प्रदान गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था तथा शुभचिन्तकहरुप्रति प्रसाद ग्रहणको लागि समयानुकुल उपस्थिति भइदिनुहुनको लागि हार्दिक आमन्त्रण गर्दछौं ।
स्थानः आफ्नै निवासमा

A PLACE FOR GREAT FOOD & COFFEE!
HOME DELIVERY AVAILABLE*
061-521197
9864889123
*Limited areas only.
धिँधेबा
Dheentheba
FAST FOOD & COFFEE HOUSE
Bastolathar-9, Pokhara, Kaski, Nepal
info@dheentheba.com.np
www.dheentheba.com.np
/dheentheba
/dheentheba.pokhara



पैसा हुँदा बचत गर्न
खाँचो पर्दा कर्जा लिन
गण्डकी विकास बैंक छँदै छ नि !
GANDAKI BIKAS BANK LIMITED
गण्डकी विकास बैंक लिमिटेड
www.gandakibank.com.np



# म्याग्दी र मुस्ताङमा कृषि प्रवर्द्धन

**राकेश शर्मा**
बेनी, ८ मंसिर



म्याग्दी र मुस्ताङ जिल्लामा रासायनिक मल र विषादी प्रयोग घटाउन प्रांगारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रम हुने भएको छ । कृषि ज्ञान केन्द्र म्याग्दीले बेनीमा आयोजना गरेको स्थानीय तहसँगको समन्वय बैठकमा जैविक विषादी प्रयोग गरी प्रांगारिक खेतीलाई प्रवर्द्धन गर्न र स्थानीय जातका बालीको संरक्षणमा टेवा दिन कार्यक्रम सञ्चालन गर्न लागिएको जानकारी दिइएको हो ।

चालु आर्थिक वर्षमा संघीय सरकारले प्रांगारिक खेती कार्यक्रमलाई ९७ लाख ६१ हजार र रैथाने तथा स्थानीय बाली विकास कार्यक्रमलाई ५२ लाख ४० हजार रुपैयाँ बजेट विनियोजन गरेको कृषि ज्ञान केन्द्रका प्रमुख गोविन्दराज कोइरालाले बताए । २ वटै कार्यक्रम कार्यान्वयनका लागि किसान समूह, सहकारी, कृषि फार्म सञ्चालकलाई आवेदन र प्रस्ताव पेश गर्न आव्हान गरिएको उनको भनाइ छ । लोप हुन लागेका रैथाने बाली पहिचान, विउको जोहो, विऊ बैंक स्थापना र प्रर्दशनी, होटल तथा होमस्टे सञ्चालकलाई रैथाने बालीका परिकार बनाउने तालिम, जैविक विविधता मेला, रैथाने बालीको महत्व बुझाउने, बजारीकरण, कृषि यन्त्र खरिदमा अनुदान दिइनेछ ।

प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रममार्फत भकारो सुधार तालिम, प्रांगारिक खेती गर्ने किसानलाई अनुदान, प्लास्टिक घर वितरण, उत्पादित प्रांगारिक उपजलाई प्रमाणित र बजारीकरणमा सघाउने कार्यक्रम छ । किसानले ५० देखि ८० प्रतिशत अनुदान पाउने कृषि अधिकृत गोविन्द पाण्डेले बताए । घैया जातको धान, जुनेली मकै, लट्टे, जुनेलो, उवा, कोदो, जौ, फापर जस्ता रैथाने बाली लोप हुँदै गएको अवस्थामा केन्द्रले नयाँ नीति बनाएको हो ।

**घैया, जुनेली मकै, लट्टे, जुनेलो, उवा, कोदो, जौ, फापर लगायत रैथाने बाली जोगाइने**

रासायनिक विषादी र मलको विकल्पमा स्थानीय स्तरमा उपलब्ध प्रांगारिक मल तथा विषादी उत्पादन तथा प्रयोगमा जोड दिन लागिएको हो । संघीय सरकारको अनुदान शीर्षकमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत २ वटा जिल्लामा ३ वटा नयाँ पकेट क्षेत्र सञ्चालन, १ वटा ब्लक, पुराना १० वटा पकेट र ४ वटा ब्लक कार्यक्रम सञ्चालन गर्न २ करोड ६० लाख रुपैयाँ बजेट छुट्याइएको छ ।

प्रदेश सरकारले १७ वटा शीर्षकमा सञ्चालन गर्ने कृषिसम्बन्धी कार्यक्रमलाई २ करोड ७२ लाख ५८ हजार रुपैयाँ बजेट विनियोजन भएको छ । साना मोडेल फार्म स्थापनाका लागि ६० लाख, १० वटा साना सिंचाइ कार्यक्रमलाई ३० लाख, कृषि यन्त्र तथा उपकरण खरिदमा १० लाख, प्लास्टिक घर निर्माण गर्न १० लाख विनियोजन भएको छ ।

## विन्ध्यवासिनी स्कुललाई गरिमाको कम्प्युटर



पोखरा, ८ मंसिर (समाधान)- गरिमा विकास बैंक लिमिटेडले पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माविलाई ६ वटा कम्प्युटर हस्तान्तरण गरेको छ । बैंकको १३ औं वार्षिकोत्सवको अवसरमा स्कुलमा इलाइब्रेरी सञ्चालनका लागि ती कम्प्युटर प्रदान गरिएको हो । बैंकका अध्यक्ष चन्द्रकान्त बरालले विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यलाई कम्प्युटर हस्तान्तरण गरे । अध्यक्ष बरालले समयको माग अनुसार प्रविधिको माध्यमबाट विद्यार्थीले पुस्तक तथा सामग्री अध्ययनका लागि आवश्यक कम्प्युटर सहयोग गर्न पाएकोमा खुसी व्यक्त गरे । विद्यालय व्यवस्थापन समिति सदस्य गुरुदत्त भट्टराईले बैंकले आगामी वार्षिकोत्सवमा यस्ता कार्यक्रमलाई निरन्तरता दिई पिछडिएका अन्य विद्यालयलाई समेत सहयोग गर्न अनुरोध गरे । कार्यक्रममा बैंकका सञ्चालक कुञ्जराज थापा, पोखरा क्लस्टर प्रमुख भोलाप्रसाद तिवारी, विद्यालयका प्रअ कृष्णप्रसाद आचार्य, विद्यालयका सल्लाहकार बेनीबहादुर बस्नेत लगायतले बोलेका थिए ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
**पोखरा**

## सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०८/०९**

यस कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिम सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन २०७३) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी उत्पादक कम्पनी वा सोको आधिकारीक/अधिकृत विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारीसाधन विक्री गर्न चाहने उत्पादक तथा आधिकारीक/अधिकृत विक्रेताले आ-आफ्नो उत्पादकको आधिकारीक स्पेसिफिकेशन, गुणस्तर मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) तथा Manufactures Authorization Letter फर्म दर्ता, भ्याट दर्ता र आ.व. २०७५/७६ को आयकर चुक्ताको प्रमाणित प्रतिलिपिहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित उत्पादक वा आधिकारीक अधिकृत विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सवारी साधन विवरण**

| सि. नं. | सवारी साधन | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| 1. | 4WD, RHD, Jeep vehicle suitable for hilly rough road driving in Nepal | 4-stroke, Right Hand drive Diesel Engine (2000-2300cc) developing maximum rated power output not less than 120HP at rated RPM and maximum torque should not be less than 280 NM at governed rpm, equipped with all necessary accessories, minimum 1 year warranty after acceptance and others. | One (1) | Other details as per the technical specifications. |

**कार्यालय प्रमुख**

## 'एनसेल सुपर सेलर'हरु पुरस्कृत

पोखरा, ८ मंसिर (समाधान) - एनसेल प्राइभेट लिमिटेडले 'एनसेल सुपर सेलर' योजना अन्तर्गत गोर्खा, लमजुङ र तनहुँका १३ पोइन्ट अफ सेल्सलाई पुरस्कार हस्तान्तरण गरेको छ । शनिबार भएको कार्यक्रममा उनीहरुलाई सुन, आइप्याड प्रो, माउन्टेन बाइक र वासिङ मसिन वितरण गरिएको हो ।

योजनाको प्लाटिनम समूह अन्तर्गत तनहुँका मास्की किराना स्टोर्स, दीप मोबाइल पसल, विसान मोबाइल सर्भिस सेन्टर र लमजुङका अल इन्फोटेकले २४ क्यारेटका २-२ तोला सुन जितेका छन् । यही समूहमा पर्ने तनहुँका बन्धु स्टोर्स र गोर्खाका इन्द्र भेट फर्माले आइप्याड प्रो हात पारे ।

यो योजनाको गोल्ड समूहका गोर्खाका श्रेष्ठ स्टेसनरी सेन्टर, तनहुँका गुरुङ किराना पसल र सिद्धार्थ अडियो भिडियोले २४ क्यारेटको १-१ तोला सुन जितेका छन् । योजनाको सिल्भर समूहका धनकुमारी किराना पसल, तनहुँकै साइमन किरान पसल र लमजुङको दुलाल किराना पसलले माउन्टेन बाइक साइकल जितेका छन् । तनहुँको सुमन किराना स्टोर्सले वासिङ मसिन जितेको छ ।

यो योजना अन्तर्गत हालसम्म काठमाडौं, ललितपुर, नुवाकोट, धादिङ, इलाम, झापा, मोरङ, सुनसरी, सिराहा, सप्तरी, उदयपुर, धनुषा, सर्लाही, महोत्तरी, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, गुल्मी, पाल्पा, रुपन्देही, कपिलवस्तु, नवलपरासी, गोर्खा, लमजुङ र तनहुँका २ सय ११ खुद्रा बिक्रेता पुरस्कृत भइसकेका छन् । एनसेलले खुा बिक्रेतालाई लक्षित गरी यो योजना गत चैत १ देखि लागु भएको गरेको थियो । योजना पुस मसान्तसम्म चल्नेछ ।

यो योजनामा सामेल हुन खुा बिक्रेताले एनसेलको रिचार्ज कार्ड, सिम कार्ड वा भिएफटी खरिद तथा बिक्रीको कारोबार गरी आफ्नो प्रत्येक कारोबारका आधारमा अंक जम्मा गर्दै गई निश्चित अंक संकलन गर्नु पर्छ ।

## व्यक्ति एउटै सम्बन्धमा



पर्वत जिल्ला साविक थापाठाना गाविस वडा नं. ७ हाल फलेवास गाउँपालिका/नगरपालिका वडा नं. २ निवासी भारतीय सेनाका ४/८ जि.आर.नं. ५७६०३८० पी. का लक्ष्मण श्रेष्ठको भाइ **भरत कुमार श्रेष्ठ**को नागरिकता प्रमाण पत्रमा नाम **भरत कुमार श्रेष्ठ**, **जन्म मिति २०५७/८/६** भएको र निजको दाजु लक्ष्मण श्रेष्ठले नोकरी गरी रहेको अभिलेखमा भाइको नाम **भमरत कुमार श्रेष्ठ**, जन्म मिति **२०५६/७/६** भै फरक परेको भएता पनि यी दुवै नामथर जन्म मिति भएका निम्न फोटो प्रमाणित व्यक्ति एउटै भएको भनी फलेवास गाउँपालिका/नगरपालिका २ नं. वडा कार्यालयको च.नं. २०३, मिति २०७६/६/२४ पत्रबाट प्रमाणित भै आएको व्यहोरा सिफारिस गरिएको छ ।

## कर्मचारी आवश्यकता

यस धर्मस्थली बचत तथा ऋण सहकारी संस्था लि. का लागि तपसिलमा उल्लेखित कर्मचारीहरुको आबश्यकता भएको हुँदा आवेदन दिन इच्छुक नेपाली नागरिकहरुले २०७६ मंसिर २३ गते कार्यालय समय भित्र संस्थाको कार्यालय, पोखरा-५ कास्कीमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल** :-

**१. पद : सहायक ब्यवस्थापक ।**

**आबश्यक संख्या :** १ (एक) जना ।
**शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यबस्थापन संकाय तर्फ स्नातक तह उर्त्तिण वा सो सरह ।
**उमेर :** २० बर्ष पुरा गरी ४५ बर्ष ननाघेको ।
**आवेदन शुल्क :** रु. ५००।- (पाँच सय) मात्र ।
**परिक्षाको किसिम :** लिखित तथा अन्र्तवार्ता ।
**सेवा सुविधा :** भत्ता समेत माशिक रु. ३०,०००।- (तीस हजार) मात्र
**आवश्यक कागजात :** आवेदकको हस्तलिखित निवेदन, आफ्नो व्यक्तिगत बिबरण (Bio Data), हालसालै खिचेको पार्सपोर्ट साइजको १ प्रति फोटो, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, सवारी चालक अनुमती पत्रको प्रतिलिपी एवं अनुभवको प्रमाण पत्र ।
**पुनश्च :** उल्लेखित पदका लागि अनुभवी, कम्प्युटर नेपाली अंग्रेजी टाइप गर्न सक्ने दक्ष उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ ।

**२. पद : बजार प्रतिनिधी ।**

**आवश्यक संख्या :** केही ।
**शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ उर्त्तिण वा सो सरह ।
**उमेर :** २० वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
**आवेदन शुल्क :** रु. २००।- (दुई सय) मात्र ।
**परिक्षाको किसिम :** अन्र्तवार्ता ।
**सेवा सुविधा :** संस्थाको निर्णय अनुसार ।
**आवश्यक कागजात :** आवेदकको हस्तलिखित निवेदन, आफ्नो व्यक्तिगत बिबरण (Bio Data), हालसालै खिचेको पार्सपोर्ट साइजको १ प्रति फोटो, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, सवारी चालक अनुमती पत्रको प्रतिलिपी एवं अनुभवको प्रमाण पत्र ।
***पुनश्च :*** *उल्लेखित पदका लागि अनुभवी, कम्प्युटर चलाउन सक्ने दक्ष उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ ।*

संयोजक
**पदपूर्ति उप-समिति**
**धर्मस्थली बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-५, कास्की, सम्पर्क नं. : ०६१-५२४१७९, ५२१७०७**

# Biruwa Rural Municipality
## Office of the Rural Municipal Executive
Biruwa -1, Syangja

### Invitation for Bids for procurement of Fabricated Steel Parts for Two Trail Bridge

First Date of Publication: Nov 25, 2019

1. The Government of Nepal (GoN) has allocated TB-SWApfunds toBiruwa Rural Municipality for Trail Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridge. Bid is open to all eligible Nepalese Bidders.
2. The Biruwa Rural Municipality, Office of Rural Municipal Executive, Biruwa Bazar, Syangja invites sealed bids from registered fabricators for supply of fabricated steel parts for Trail Bridges, Contract ID No.: BRM/G/TB/NCB-1/2076/077. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing One steel truss motorable road bridge or one steel girder motorable road bridge or five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Biruwa Rural Municipality, Office of Rural Municipal Executive, Biruwa Bazar, Syangja or from PPMo's web portal www.bolpatra.gov.np/egp.
5. Bidding documents may be purchased from the office of Biruwa Rural Municipality, Office of Rural Municipal Executive, Biruwa Bazar, Syangja or **www.bolpatra.gov.np/egp**by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the December 23, 2019 with in office hours. Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the office Rajaswa(revenue) account as specified below and deposit voucher in pdf format should attached during E-submission.
   *Information to deposit the cost of bidding document in Bank:* Name of the Bank: Everest Bank Limited, Biruwa, syangja; Name of Office: Office of Rural Municipal executive, Biruwa RM, Syangja; Office Account no.: **06300105200047**MulSanchitKhata (Ga 4.1)
6. Bids must be submitted to the Biruwa Rural Municipality, Office of Rural Municipal Executive, Biruwa Bazar, Syangja or through www.bolpatra.gov.np/egpon or before **12:00 noon** on December 25, 2019. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours** on December 25, 2019 at Biruwa Rural Municipality, Office of Rural Municipal Executive, Biruwa Bazar, Syangja. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **Nrs. 78,000 (Seventy Eight Thousand Rupees only)** which shall be **valid for 30 days** beyond the bid validity period. In case of E-submission the bid security in pdf format should be attached through www.bolpatra.gov.np/egp.
8. If bidder wishes to submit the Bid Security in the form of cash, thebidder has to deposit cash in Deposit Account No.**06300105200050 of Biruwa Rural Municipality (DharautiKhata Ga 3.0) in Everest Bank Ltd. Biruwa Bazar** and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs. (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication and Transportation of Steel Parts & Fixtures of Trail Bridges up to Road head. Contract ID No.: BRM/G/TB/NCB-1/2076/077. | 31,14,523.74 | 78,000.00 | 3,000.00 |

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Kul Raj Subedi**
Chief Administrative Officer

# ५ सय प्राविधिक पोखरा आउने

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

१३ औं दक्षिण एसियाली खेलकुद (साग) का लागि ४ सय ९१ जनाको प्राविधिक अफिसियल टोली पोखरा आउने भएको छ । मंसिर १५ देखि २५ गतेसम्म हुने विभिन्न प्रतियोगिताका लागि खेल सञ्चालक तथा निणार्यक टोली पोखरा आउने भएको हो ।

आसन्न १३ औं साग अन्तर्गत पोखरामा ८ खेल हुने तय छ । पोखरामा हुने भनिएको ९ खेलमध्ये प्याराग्लाइडिङ नहुने भएपछि महिला क्रिकेट र फुटबल, ह्यान्डबल, आर्चरी, भारत्तोलन, ट्रायथोलन र ब्याडमिन्टन गरी ८ खेलमात्रै हुने भएका छन् ।

८ जना टेक्निकल प्रतिनिधि, २४ जना टुर्नामेन्ट डाइरेक्टर, ४४ जना सहायक टुर्नामेन्ट डाइरेक्टर र जुरी कमिटीका सदस्य, १ सय २६ जना राष्ट्रिय रेफ्री, १ सय ९४ जना टेक्निकल सहायक १३ औं साग अन्तर्गत पोखरामा हुने खेलका लागि आउने भएका हुन् ।

पोखरा रंगशालास्थित क्रिकेट मैदानमा हुने तय भएको महिला क्रिकेट प्रतियोगिताका लागि ६२ जनाको प्रविधिक अफिसियल, महिला फुटबलका लागि ५० जना, आर्चरीका लागि ५३, ब्याडमिन्टनका लागि ९४, ह्यान्डबलका लागि ५९ जना, बिच भलिबलका लागि ६५, भारात्तोलनका लागि ६८ जना र ट्रायथोलनका लागि ४० जनाको टेक्निकल अफिसियल टोली पोखरा आउने छन् ।

**तात्तिदै, फेरिँदै सजिँदै रंगशाला**

आसन्न १३ औं साग खेलका ८ खेल पोखरामा हुनेछन् । सागका लागि अहिले पोखरा रंगशाला पुनर्निर्माणलाई तीब्र बनाइएको छ । रंगशाला गेटमा प्रधानमन्त्री केपी शर्मा वलीले फुटबल खेल्दै गरेको बोर्ड टाँगिएको छ भने रङरोगनलाई पनि गरिसकिएको छ ।

साग खेल हुन अब १ हप्तामात्रै बाँकी छ । साग आउन १ हप्तामात्रै बाँकी छँदा रंगशालाभित्र रहेका पूर्वाधार देखि अव्यवस्थित खाली जग्गा सम्याउने कामलाई पनि तीब्र बनाइएको छ । रंगशाला वरिपरि फूल रोपिँदै छन् भने महिला फुटबल प्रतियोगिता हुने प्यारापिट जडान, दूबो विस्थापन, सिन्थेटिक एथ्लेटिक ट्र्याकसमेत धमाधम बनाइँदैछ ।

रंगशालाको पश्चिम भागमा ५ हजार सिट क्षमताको स्टिल मोडुलर ग्रान्डस्ट्यान्ड प्यारापिट जडान कार्य सकिएको छ । साग महिला फुटबलका लागि १० हजार क्षमताको प्यारापिट जडान गर्ने योजना अनुसार अहिले थप ५ हजार सिट जडान गरिनेछ । फ्रान्सबाट ल्याइएको प्यारापिट जडान गर्न फ्रान्सबाट प्राविधिक टोली पनि रंगशालामै खटिएका छन् । नेपालको झन्डासँग मिल्ने रातो र निलो रङको प्यारापिट सिट जडान भइरहेको छ । यसले 'कलर फ्युजन' हुने र विदेशी राष्ट्रका साथै दर्शकलाई पनि आकर्षित गर्ने निर्माण कम्पनीको दाबी छ ।

**५ हजार सिट क्षमताको स्टिल मोडुलर ग्रान्डस्ट्यान्ड प्यारापिट जडान सकिएको छ**

स्टेडियमका लागि पहिलो चरणमा ७ वटा शौचालय बनाइएको छ । तर, खेलाडीका लागि पोशाक परिर्वतन गर्ने 'चेन्जिङ रुम' बनाइएको छैन । चेन्जिङ रुम अस्थायी बनाइने भएकाले धेरै समय नलाग्ने निर्माण कम्पनीको दाबी छ । फुटबल स्टेडियम पुनर्निर्माणका लागि भारतीय कम्पनी भारतीय कम्पनी ग्रेट स्पोर्टस र नेपाली कम्पनी एमए कन्ट्रक्सन (जेभी) ले जिम्मा लिएका छन् । निर्माण कम्पनीले १८ हजार सिट क्षमतासहितको फुटबल स्टेडियम बनाउने जिम्मा लिएका हुन् । स्टेडियम बनाउन १ अर्ब २८ करोडमा सम्झौता भएको छ ।

## एन्फा उपाध्यक्षको संयोजकत्वमा १५ उपसमिति

१३ औं दक्षिण एसियाली खेलकुद साग प्रतियोगिता अन्तर्गत पोखरामा हुने महिला फुटबलका लागि १५ वटा उपसमिति गठन भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) उपाध्यक्ष कृष्ण थापाको संयोजकत्वमा उपसमिति गठन गरिएको हो ।

सुरक्षा संयोजकमा एन्फा गण्डकीका अध्यक्ष धरमसिंह लामिछाने, सुरक्षा व्यवस्थापन सह संयोजकमा लक्षु भण्डारी, निरीक्षण व्यवस्थापनमा एन्फा कास्की अध्यक्ष मिलन गुरुङ र राजेन्द्र तामाङ, प्राथमिक उपचार स्वास्थ्य ब्यवस्थापनमा सुक गुरुङ र मनोज कार्की, खेलाडी तथा टिम व्यवस्थापनमा एलबी ज्वार्चन, हिटलर घले र सुधीरजंग थापा, अतिथि सत्कारमा मदन केसी, जलपान व्यवस्थापनमा सीता गुरुङ, भक्ति गुरुङ र राधा गुरुङ, रेफ्री व्यवस्थापनमा आनन्द रन्जित र ईश्वर गुरुङ (चन्द्र), प्रचार उपसमितिमा एमबी आस्था, गिता राना र शम्भु केसी, सचिवालय व्यवस्थापनमा रमेश कार्की, प्रितम गुरुङ, आशिषमान सिंह भण्डारी, महेन्द्र सिंह थापा, गोविन्द पौडेल, शंकर थापा, लक्ष्मण रोकाहा र नरेश श्रीस छन् ।

मञ्च व्यवस्थापन उपसमितिमा जगत थापा, सचिन थापा, अञ्जन देवकोटा र पुष्प बराल, स्वयंसेवक परिचालनमा नरबहादुर गुरुङ, सुमन गुरुङ, नरेश गुरुङ र इन्द्र कुँवर, साउन्ड सिस्टम व्यवस्थापनमा राजेन्द्र गिरी, दीपक न्यौपाने, सुवास गुरुङ, सुरेशजंग जिसी, गंगा थापा र प्रकाश थापा, खेल मैदान व्यवस्थापनमा विश्व ताण्डुकार, हरि खड्का, सुरेन्द्र गुरुङ, जीवन गुरुङ, मदन थापा, सुविन श्रेष्ठ र पदम गुरुङ रहेका छन । मंसिरको १७ देखि २४ सम्म पोखरा रंगशालामा हुने महिला फुटबल प्रतियोगितामा नेपाल, भारत, माल्दिभ्स र श्रीलङ्काको सहभागिता रहनेछ ।

# टुर दी पोखरा पुस १२ मा



**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

साइकल सिटी पोखराले गर्दै आएको टुर दी पोखराको ५ औं संस्करण पुस १२ मा हुने भएको छ । ४ वटा संस्कारण निकै भव्य र सभ्यरुपमा सम्पन्न भएको र यो संस्करणलाई अझै परिस्कृत गरिएको संस्थाका अध्यक्ष महेन्द्रराज कोइरालाले बताए ।

पोखराको पर्यटनलाई प्रवर्द्धन गर्दै वातावरण प्रदूषण कम गराउने र इन्धनको प्रयोग घटाउने सन्देश प्रवाह गर्न कार्यक्रम हुँदै आएको टुर दी पोखराका संयोजक राजन गोंगजुले बताए । अघिल्ला संस्करणभन्दा यसपालि केही परिमार्जन गरेर रक्तदान र जिल्लास्तरीय खुला साइकल दौड पनि जोडिएको छ । पुस ९ गते बिहान न्युरोडस्थित साइकल ल्यान्ड परिसरमा रक्तदान र पुस ११ गते १८.५ किलोमिटर दुरीको साइकल दौड हुने गोंगजुले जानकारी गराए ।

पुस १२ गते मुल कार्यक्रम अन्तर्गत पोखरा प्रदर्शनी केन्द्रबाट साइक्लिङ सुरु हुनेछ । त्यसअघि स्लो साइकल रेस, बाल ह्विल रेस र जिगज्याग साइक्लिङ हुनेछ । टुर दी पोखराका लागि दर्ता खुलेको र ज्याकेटसहित खानाका लागि ८ सय रुपैयाँ दर्ता शुल्क तोकिएको छ । ज्याकेटमात्र लिए ६ सय र खानामात्रको ३ सय रुपैयाँमा दर्ता गर्न सकिने छ । आइएमई पेमार्फत् पनि यो कार्यक्रमका लागि नाम दर्ता गर्न सकिने आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा आयोजकले जानकारी गराए । पुस १२ गतेकै लागि काहुँडाँडामा साइक्लिङसहित १ रातको बसाइ राखिएको पोखरा साइकल सिटीका निवर्तमान अध्यक्ष प्रकाश बज्राचार्यले जानकारी दिए । टुर दी पोखरामा सहभागी हुने सबैलाई मेडल र प्रमाणपत्रको व्यवस्था छ ।

भ्रमण वर्षको पूर्वसन्ध्यामा हुने यो कार्यक्रमले स्वदेशी र विदेशी पर्यटकलाई समेत आकर्षण गर्न सहयोग गर्ने आयोजकको दाबी छ । अघिल्लो वर्षबाट नेपाल आयल निगमको सहकार्यमा यो कार्यक्रम हुँदै आएको छ । नेपालमा बर्सेनि २ खर्बको पेट्रोलियम पदार्थ खपत हुने भएकाले यसलाई विस्तारै कम गराउनका लागि निमगले साइकल सिटीसँग सहकार्य गरेको निगमको गण्डकी कार्यालय प्रमुख बिनी श्रेष्ठले बताइन् । उनले भनिन्, ' निगम तेल बेच्ने र कमाउने काम मात्रै गर्दैन, तेलको खपत कम गराउन पनि जनचेतनामूलक कार्यक्रम गर्छ ।'

पोखरा आसपासमा मात्र प्रतिवर्ष १६ अर्बको इन्धन खपत हुन्छ । निगमका अनुसार यो क्षेत्रमा इन्धन खपत बर्सेनि १५ प्रतिशत बढ्दो छ । थोपा थोपा इन्धन बचाऔं भन्ने नारालाई सार्थक बनाउन १ व्यक्तिले महिनामा १ लिटर मात्रै इन्धन बचाएमा पनि महिनामा २ लाख लिटर तेल बच्छ । कार्यक्रम संयोजक गौंगजुले भने, 'इन्धनको खपत कम गराइ व्यापार घाटा कम गर्न पनि हाम्रो कार्यक्रमले सघाउ पुर्‍याउँछ ।'

पोखरामा शोखका रुपमा साइकल चलाउने एकातिर छन् । अर्कोतिर साइकल प्रयोग गरी व्यवसाय गरेर जीविका धान्ने त्योभन्दा बढी संख्यामा छन् । यसपालिको टुर दी पोखरामा साइकल प्रयोगकर्ता व्यवसायीलाई पनि समेट्ने योजना बनाइएको साइकल सिटीका सल्लाहकार आनन्दराज मुल्मीले बताए । पोखरामा साइकल प्रयोगकर्ता बढे पनि नीति निर्माता र योजना कार्यान्वयनकर्ताले साइकल लेनको महत्वका बारेमा अझै बुझ्न नसकेकोमा दुख व्यक्त गरे । पत्रकार सम्मेलनमा साइक्लिङ संघ कास्की अध्यक्ष शंकर भण्डारी, संस्थाकी सचिव करुणा ढकाल, साइक्लिस्ट नीरज थापा लगायतले भनाइ राखेका थिए ।

**विशाल गर्बुजा सद्भावना दूत**

यसपालिको टुर दी पोखराका लागि शारीरिक अपांगता भएका विद्यार्थी विशाल गर्बुजालाई सद्भावना दूतमा नियुक्त गरिएको छ । १ हात नभएका गर्बुजा कास्की मोडर्नाइज्ड स्कुलमा १२ कक्षाका विद्यार्थी हुन् । १ हात नभए पनि अरु सामान्य मानिसले भन्दा सहज रुपमा साइकल चलाउने उनी काठमाडौंमा भएको 'कोरा' मा समेत सहभागी भइसकेका छन् । लुम्बिनी, पाल्पा र रानीमहलसम्म पनि उनले साइक्लिङ गरिसकेको छन् ।

## गाई जोगाउन गौ महोत्सव

पोखरा, ८ मंसिर (समाधान)- धार्मिक पर्यटन प्रवर्द्धन र लोप हुँदै गएका स्थानीय जातका गाई संरक्षणको लागि पर्वतको जलजला गाउँपालिकाको धाइरिङमा गौ महोत्सव गर्न लागिएको छ । गण्डकी गोपाल गौशाला धाइरिङको आयोजनामा मंसिर १९ देखि २६ गतेसम्म महोत्सव गर्न हुने मूल आयोजक समितिमा उपाध्यक्ष महेश पराजुलीले जानकारी दिए । उनले गाई महोत्सवका अलवा महायज्ञसमेत गरिने बताए ।

महोत्सवले जलजला ७ धाइरिङमा रहेको गौशालाको सुदृढीकरण र गाई संरक्षणसँगै प्रसिद्ध कालञ्जर क्षेत्रको विकास र प्रचारप्रसारका लागि सहयोग विश्वास गरिएको छ । 'धार्मिक र पर्यावरणीय हिसाबले विशेष महत्व रहेको गाई संरक्षणका लागि महोत्सव गर्न लागिएको हो,' उपाध्यक्ष पराजुलीले भने, 'गाईको विषयमा पहिलो पटक गर्न लागेको महोत्सव तथा महायज्ञबाट संकलित दानबाट १ हजार स्थानीय जातका गाईपालन गर्न सक्ने पूर्वाधार निर्माण गरिनेछ ।'

मूल आयोजक समिति सल्लाहकार लक्ष्मण पौडेलले महोत्सव गर्न १ हजार सदस्यीय आयोजक समिति बनाइएको बताए । उनले महोत्सवसँगै गरिने महायज्ञमा २ लाख ५ हजार ५ सय ५५ भन्दामाथि दान गर्नेलाई धार्मिक तथा पर्यटकीय गन्तव्य कालञ्जर पर्वत र आसपासका धार्मिक स्थल हेलिप्टरबाट अवलोकन गराउने योजना सुनाए । स्वामी कमलनयनाचार्यको संकल्प र स्थानीयको सक्रियतामा २०७२ मा धाइरिङमा गण्डकी गोपाल गौशाला स्थापना गरिएको हो । गौशालामा ३५ गाई छन् ।

महोत्सव प्रचारप्रसार समिति संयोजक डा जगन्नाथ रेग्मीले महायज्ञबाट ५ करोडभन्दा बढी आर्थिक संकलन गर्ने लक्ष्य लिइएको बताए ।

## निबन्ध प्रतियोगिता

पोखरा, ८ मंसिर (समाधान)-प्याब्सन कास्कीले वार्षिक कार्यतालिका अनुसार नेपाली र अंग्रेजी निबन्ध लेखन प्रतियोगिता गरेको छ । प्रतियोगितामा नेपालीतर्फ रेन्बो एकेडेमिक होम्स्की शुस्मा आचार्य प्रथम, मदरल्यान्ड माविकी विभूति तिमिल्सिना द्वितीय, सबलाइम माविकी आइशा पराजुली तृतीय र न्यू मोडेल माविकी भावना सुवेदी र भाष्कर मेमोरियलका अरविन्द पौडेल सान्त्वना भए ।

अंग्रेजीतर्फ भाष्कर मेमोरियलकी सुजता गौतम प्रथम, स्पाइरल ग्यालेक्सी माविका होमबहादुर मगर द्वितीय, मदरल्यान्ड माविका प्रशान्त गुरुङ तृतीय, ग्लोबल कलिजियट माविका एपेक्स महर्जन र स्टेप बाइ स्टेप माविकी रजनी बराल सान्त्वना भएका छन् । अंग्रेजी निबन्ध लेखन प्रतियोगिताका संयोजक नीलकण्ठ आचार्य र नेपाली निबन्ध लेखन प्रतियोगिताका संयोजक मोहन शर्मा थिए । प्रतियोगितामा ५२ विद्यालय सहभागी थिए ।

# लेकसाइडमा ९ थरि पर्फमेन्स आर्ट

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर



टाउकोमा प्लास्टिक बाँधेर १ युवा पोखरा लेकसाइड, बाराहीघाटमा देखा पर्छन । अनुहार सबै प्लास्टिकले बाँधेको हुनाले उनलाई श्वास फेर्न पनि गाह्रो भइरहेको सजिलै भान हुन्छ ।

प्लास्टिक बेरेर उभिएको निस्सासिइरहेको देखेपछि भीडबाट कोही अगाडि बढ्छ र उनको अनुहारबाट झेल्लिएको प्लास्टिक हटाइदिन्छ । अनुहारबाट प्लास्टिक हटेपछि आनन्दको लामो श्वास फेर्छन् भन्छन्, 'वातावरणीय पर्यावरण जोगाऔं ।'

अनुहार त्यसरी प्लास्टिक बेरेर उभिने युवा हुन्, गौरव पौडेल । शनिबार पोखराको लेकसाइडमा बिदा मनाउन गएका धेरैले बाराही चोकमा यस्तै यस्तै अनौठो दृश्य हेर्ने मौका पाए । अवसर थियो, न्यारेटर अ स्टोरी टेलर समूहले गरेको पर्फमेन्स आर्ट ।

प्रशिक्षक चे शंकरको नेतृत्वमा लेकसाइडस्थित बाराहीघाटमा ९ वटा भावनाटीका कला (प्रफमेन्स आर्ट) प्रदर्शनी गरिएको छ । उक्त अवसरमा विभिन्न शीर्षकमा दर्जन युवायुवतीले आआफ्नो कला प्रस्तुति गरेका थिए । कोही हातमा झन्डा बोकेर देशभक्ति भाव जगाइरहेका थिए भने कोही रंगीन कपासभित्र रहर र सपना खोजिरहेका थिए । फर्ममेन्स आर्टबाट आफूभित्र निहीत कलालाई बाहिर ल्याउन कार्यक्रम गरेको न्यारेटर अ स्टोरी टेलरले जनाएको छ ।

## 'राष्ट्रवादी जुटौं'

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर



नेपाल कम्युनिस्ट पार्टी मालेका महासचिव सिपी मैनालीले नेपालमा बढ्दो वैदेशिक हस्तक्षेपलाई रोक्न राष्ट्रवादी शक्ति एकजुट हुनु पर्ने खाँचो औंल्याएका छन् ।

मैनालीले विगतमा जस्तो बढी नभएता पनि अझैं नेपाल बाह्य हस्तक्षेपबाट मुक्त नभएको उल्लेख गरे । नेपाल कम्युनिस्ट पार्टी माले जिल्ला कमिटी कास्कीले आइतबार आयोजना गरेको चुनावी सभामा महासचिव मैनालीले राष्ट्रयताको रक्षा र भौगोलिक अखण्डताको लागि वामपन्थी, देशभक्त, राष्ट्रवादी र प्रजातन्त्रवादी शक्ति एकजुट हुनु पर्ने बताए ।

२००३ सालमा बिपीले नेपाल स्वतन्त्र राष्ट्र होइन भनेको उल्लेख गर्दै उनले त्यति बेला धेरै कुरा नबुझ्ने र थोरै कुरा बुझ्ने

प्रोइन्डियन भएको आरोप लगाए । महासचिव मैनालीले ठूला कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीलाई कलंक र भद्रगोल बनाएको बताए । 'कम्युनिस्ट पार्टीलाई विदेशमुखी बनाएर आफैमा कमजोर हुँदै गएका छन्,' महासचिव मैनालीले भने, 'गल्ती गर्ने कम्युनिस्टलाई सुधार गर्नका लागि जनताले मत दिनु हुँदैन ।' उनले आफ्नो पार्टीलाई मतदान गरे कम्युनिस्ट आन्दोलनमा देखिएका विकृतिलाई सुधार गर्न सकिने दावी गरे ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सल्लाहकार होमनाथ गिरी, केन्द्रीय सदस्य मानबहादुर थापा र शंकर पोखरेल, प्रतिनिधिसभाका उम्मेद्वार टेकनाथ भण्डारी लगायतले देशभक्त वैकल्पिक शक्तिको रुपमा नेकपा मालेको पक्षमा हसिया तारामा मत हाल्न कास्की २ का सचेत नागरिकसँग अनुरोध गरेका थिए ।

## 'राष्ट्रवादी अडानमा प्रश्न उठाउनु खेदजनक'

पोखरा, ८ मंसिर (समाधान)- नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बास्कोटाले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीको राष्ट्रवादी अडान, क्षमता र संघर्षमाथि प्रश्न उठाउनु आफैंमा लज्जाजनक विषय भएको बताएका छन् ।

उनले प्रधानमन्त्रीको राष्ट्रवादी अडानप्रति प्रश्न उठाउनु खेदजनक र लज्जास्पद विषय भएको उल्लेख गरे । देउवाले प्रधानमन्त्री ओलीसँग सल्लाह गरेरै कालापानी लिपुलेकलाई भारतले आफ्नो भूभागमा पारेर नयाँ नक्सा निकालेको दाबी गरेका थिए । नेपाल पत्रकार महासंघ कास्कीले आइतबार आयोजना गरेको पत्रकार भेटघाटमा मन्त्री बास्कोटाले भारतले गरेको राजनीतिक नक्साप्रति इतिहासमै पहिलोपटक नेपालको बहालवाला प्रधानमन्त्रीले स्वीकार्य छैन भनेर बोलेको बताए ।

मन्त्री बास्कोटाले प्रधानमन्त्रीले बालुबाटारमा बोलाएको सर्वदलीय बैठकमा कुनै दलको असहमति र देउवाको विमति नभएको प्रष्ट पारे । 'भारतले एकतर्फी रुपमा जारी गरेको नक्साको विरुद्धमा बालुबाटारमा सबै दलले १ स्वर र १ मत जाहेर गरे । त्यो नेपालका दलहरुबीच ऐतिहासिक विषय बन्यो,' मन्त्री बास्कोटाले भने, 'देउवाजीले देशभक्तिको कुरा सस्तो प्रचारबाजीको विषय बनाउन हुने थिएन । चुनावको मसला बनाउनु झूट र गैरजिम्मेवारपूर्ण कुरा हो ।'

# योङ स्टारमा रानाभाट

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर



पोखरा २६ स्थित योङ स्टार क्लबको नयाँ कार्यसमिति गठन भएको छ । क्लबको अध्यक्ष विकास रानाभाट चयन भएका छन् । उपाध्यक्षमा शिशिर रानाभाट र समीर थापा छनोट चुनिए ।

क्लबको सचिव सुदीप पनेरु, कोषाध्यक्ष सन्ध्या रानाभाट छन् । आकाश रानाभाट, विजय पौडेल, परिवेश थापा, वर्षा रानाभाट, विक्रम अधिकारी, वृन्दा रानाभाट, प्रवीण केसी, सुष्मा रानाभाट, मीलन रानाभाट सदस्य छानिए ।

कार्यक्रममा खेलाडी आकाश रानाभाटलाई सम्मान गरिएको थियो । क्लबले सामुदायिक भवनलाई २ थान पंखा उपहार दिएको छ । क्लबका संस्थापक अध्यक्ष सुवर्ण बरालको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा २६ का अध्यक्ष नारायणप्रसाद बराल प्रमुख अतिथि थिए ।

# सगुन परियार समाजमा दुर्गा

**समाधान संवाददाता**
पोखरा, ८ मंसिर

सगुन परियार सेवा समाज पोखरा १३ बाँझापाटनको पाँचौ साधारणसभा तथा तेस्रो अधिवेशनले दुर्गा परियारको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति निर्वाचित गरेको छ ।

समितिमा उपाध्यक्ष वृन्दा परियार, सचिव रजनी परियार, सहसचिव रोशनी परियार, कोषाध्यक्ष प्रेमबहादुर परियार र सदस्यमा शान्ति परियार, मनबहादुर परियार, गंगा परियार, गोमा परियार, गमबहादुर परियार, नरबहादुर परियार र विष्णुमाया परियार चयन छन् । समाजको सल्लाहकारमा बलराम परियार, पूर्णकला परियार र गणेश परियार मनोनीत भएका छन् ।

दुर्गा परियारको अध्यक्षतमा भएको कार्यक्रममा गण्डकी प्रदेशसभा सांसद मनबहादुर गुरुङले परियार जातिको सीप र कलाको उच्च मूल्यांकन गर्दै उचित कानुन र योजना राज्यले ल्याएको बताए । उनले संविधानतः जातीय विभेद तथा छुवाछुत अन्त्य भए पनि व्यवहारमा अझैं बाँकी रहेकाले त्यसलाई अन्त्य गर्नैपर्ने बताए ।

कार्यक्रममा नेता प्रेमदेवी परियार, समाजका सल्लाहकार, लालबहादुर परियार, केन्द्रीय सचिवालय सदस्य जुमबहादुर परियार, केन्द्रीय सल्लाहकार नरेन्द्र मित्रकोटी, जिल्ला अध्यक्ष किसन परियार र प्रदेश सदस्य राजु परियारले बोलेका थिए ।

कार्यक्रममा वरिष्ठ केन्द्रीय उपाध्यक्ष प्रेमदेवी परियार, नवनियुक्त शिक्षक सोनी परियार, रीता परियार र मोटिभेटर मौसम छिनाललाई सम्मान गरिएको थियो ।

WANTED

**Global Collegiate School,** Ranipauwa, Pokhara seeks applications from the interested Nepalese candidates for the following vacant position.

1. Required Post : Office Assistant (Male)
2. Qualification : Atlest 10+2 or equivalent (priority to the experienced.)
3. Desired Skills : Atleast 50 wpm typing speed in Nepali and English, office package, Photoshop and Indesign.
4. Salary : Attractive (provision of P.F and gratuity for the permanents)
5. Please apply on or before 12th Mangsir 2076.
[only the short-listed candidates will be called for an interview]

Principal
GLOBAL COLLEGIATE SCHOOL
Ranipauwa, Pokhara | Contact No.: 061-524604, 527813, 535817

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **कार्यकारी सम्पादक** : भरत कोइराला, **सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com